म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४९ आइतबार ३१ भदौ २०८० ने. सं. ११४३ गुँलागा 17 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नेविसंघमा चौलागाई कार्यबाहक

हेटौंडा, २९ भदौ/नेपाल विद्यार्थी संघ मकवानपुरको कार्यवाहक अध्यक्षको जिम्मेवारी उपाध्यक्ष रहेका सन्तोष चौलागाईलाई दिइएको छ । विहीबार संघका अध्यक्ष सुवास सापकोटाले जिम्मेवारी दिइएको पत्र प्रदान गर्दै चौलागाईलाई कार्यबहाक अध्यक्षको जिम्मा दिइएको हो ।

संघको विधान २०२७ को संशोधन २०७५ को व्यवस्था भए बमोजिम विदेश भ्रमणको कार्यक्रम रहेकाले यो समयमा संगठनलाई गतिशील बनाई संगठनमा आइपर्ने सबै कामकारवाही गर्ने गरी जिम्मेवारी प्रदान गरिएको अध्यक्ष सापकोटाले बताए ।

उनले चौलागाईलाई संघको विधिविधान र मान्यताचित्र रहेर कामगर्न अनुरोध समेत गरेका छन् । कार्यबाहकको जिम्मेवारी पाएपछि चौलागाईले आफूले संघको विधिविधानमा रहेर काम गर्ने प्रतिवद्धता समेत जाहेर गरेका छन् ।

# बागमतीका मन्त्री सुन प्रकरणमा जोडिएपछि सरकारसँग जवाफ माग

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/बागमती प्रदेशका एक मन्त्री दुबई (युनाइनेट अरब इमिरेट्स)बाट एक किलो सुन तस्करीमा संलग्नसँग नाम जोडिएपछि बागमती प्रदेशसभामा कुरा उठेको छ ।

हेटौंडा-१०, स्थित प्रदेशसभामा शनिवार बसेको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सुन प्रकरणमा मन्त्रीकै नाम जोडिएपछि सरकारसँग जवाफ माग गरेको हो । केही दिनअघि प्रहरीले बरामद गरेको करिब एक किलो सुन प्रकरणमा बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री दावादोर्जे लामाको नाम मुछिएको छ । सुन तस्करीमा संलग्न काभ्रेका तरुण दल नेता विकास लामा (फरार)सँग मन्त्री लामाको आर्थिक लेनदेन सहितको विषय र एउटा चेक प्रहरीले बरामद गरेको विषय यसअघि सार्वजनिक भएका थिए । मन्त्री लामा काभ्रे नेपाली कांग्रेसका सभापतिसमेत हुन् ।



प्रहरीले तस्करीमा संलग्न विकास लामालाई पक्राउ गर्न असफल भए पनि उनले प्रयोग गर्ने गरेको कार बरामद गरेको थियो । कारमा अरु व्यक्तिका करोडौं र कमको चेक बरामद भएको काठमाडौं प्रहरी परिसरका प्रवक्ता एवं एसपी कुमेध ढुंगेलले जानकारी दिए । काभ्रे क्षेत्र नम्बर-१ 'ख'का प्रदेशसभा सदस्य तथा मन्त्री लामाले दिएको ६ लाख रुपैयाँको चेक समेत विकासको कारमा फेला परेको सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् । यसले मन्त्री लामाको भूमिका समेत शंकास्पद ठानिएको छ । मन्त्री लामाले भने विकाससँग लामो समयदेखि भेटघाट नभएकाले चेकबारे अनविज्ञता जनाए ।

प्रदेशसभा बैठकको विषेश समयमा बोल्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री तीर्थ लामाको नाम सुन तस्करी प्रकरणमा मुछिएको विषय सञ्चारमाध्यममा आएको भन्दै सरकारसँग जवाफ मागेका हुन् । उनले मन्त्रीको नाम उल्लेख गरेर सुन तस्करी भएको सुनिन आएकाले यस विषयमा सरकारले सदनलाई सत्यतथ्य जानकारी गराउनुपर्ने बताए । 'आज हाम्रै प्रदेश सरकार मन्त्री उपर, मन्त्रीको नाम उल्लेख गरेर सुन तस्करका सन्दर्भमा व्यापक पत्रपत्रिकामा आएको छ ।', थपलियाले भनेका छन्, 'त्यो हो वा होइन ? सरकारले यस सदनमा सूचित गराउनु पर्दछ । यदि उहाँ निर्दोष हो भने त्यो कुरा सम्बन्धित मन्त्री र सरकारले बोल्नु पर्दछ ।',

निवर्तमान आर्थिक मामिला तथा योजना मन्त्रीसमेत रहेका थपलियाले हेटौंडाको सञ्चो अस्पतालमा भएको चिकित्सक कुटपिट प्रकरणमा संलग्न दोषीहरुलाई कडा कारबाहीको माग गर्दै सरकारको ध्यानाकर्षण गराएका थिए । यसैगरी, बागमती प्रदेश सांसद एकालाल श्रेष्ठले सञ्चो अस्पतालमा भएको डाक्टरहरुमाथिको हातपातको विषयमा विशेष समिति बनाएर अनुसन्धान गर्नुपर्ने बताए । प्रदेशसभा बैठकमा विशेष समयमा बोल्दै सांसद श्रेष्ठले घटनामा दोषि को-हो भनेर विशेष समिति बनाएर छानवीन गर्नुपर्ने बताए ।

यसैगरी, प्रदेशसभा बैठकमा विज्ञान प्रविधि नवप्रर्वद्धन तथा विकास कोष सञ्चालन विधेयक, प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन-२०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश स्वास्थ्य सेवा ऐन-२०७५ लाई संसोधन गर्न बनेको विधेयक र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धित समितिमा दफावार छलफलका लागि पठाउने प्रस्ताव सर्वसम्मतले स्वीकृत भएको छ । संविधानसभाका अध्यक्ष सुवास नेम्वाङप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्दै बैठक स्थगित गरिएको थियो । प्रदेशसभा १४ असोजमा बोलाइएको छ ।

**मन्त्री लामाको आपत्ति**

बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिँचाइ मन्त्री तीर्थबहादुर लामाले एक किलो सुन प्रकरणमा आफ्नो नामसमेत जोडिएको भन्दै आपत्ति जनाएका छन् ।

बागमती प्रदेश सरकारका मन्त्री र नेपाली कांग्रेस जिल्ला समिति काभ्रेको सभापतिको हैसियतमा आफ्नो धेरै जनसम्पर्क हुने भन्दै उनले कुनै प्रसंगमा कसैले खिचेको तस्वीरका कारण आफ्नो नाम जोड्नु गलत हुने उनले बताएका छन । एक किलो सुन प्रकरणमा काभ्रेका तरुण दलका नेता विकास लामा प्रहरीको खोजी सूचीमा परेका छन् । उनको गाडी प्रहरीले बरामद गरेको छ । विकाससँग सम्बन्ध रहेको भन्दै आफ्नो नाम जोडिएकामा नेता तीर्थबहादुर लामाले आपत्ति जनाएका हुन् । 'मलाई विवादमा ल्याउन चाहने निकृष्ट मानसिकता र दुराशयका साथ भएका यस्ता कार्यप्रति म सचेत छु' उनले भनेका छन ।

मन्त्री लामाले घटनाको सत्यतथ्य छानबीन गर्न र दोषीलाई कारबाही गर्न माग गरेका छन् । छानबीनका लागि आफूले पनि सहयोग गर्ने उनले बताए ।

नेपाली कांग्रेस जिल्ला कार्यसमिति काभ्रेका सचिवद्वय गुणराज मोक्तान र माधव ढकालले पनि विज्ञप्ति जारी गरी एक किलो सुन प्रकरणमा पार्टी सभापतिको नाम जोडिएकामा आपत्ति जनाएका छन् । उनीहरुले पनि घटना छानबीनको माग गरे । मन्त्री लामा काठमाडौंमै व्यस्त भएकाले हेटौंडामा शनिवार बसेको प्रदेशसभा बैठकमा उपस्थिति थिएनन् ।

# चिकित्सक कुटपिटमा संलग्नलाई कारबाही गर्न नेकपा एसको माग



साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/मकवानपुरको हेटौंडामा ड्युटीमा खटिएका चिकित्सक कुटपिट गर्नेलाई कारवाही गर्न नेपाल कम्युनिष्ट पाटी (एकीकृत समाजवादी) मकवानपुरले माग गरेको छ ।

पार्टी मकवानपुरका अध्यक्ष विष्णु दाहालले शनिबार एक विज्ञप्ती जारी गर्दै चिकित्सक कुट्ने घटनामा संलग्नहरुलाई कानून अनुसार कारवाही गर्न माग गरेका छन् । समाजवादीले अस्पतालका चिकित्सकमाथि उच्छृंखल तत्वबाट सांघातिक आक्रमण भएको भन्दै घटनाप्रति खेद व्यक्त गरेको छ । 'हेटौंडा-१ स्थित सञ्चो अस्पतालका चिकित्सकहरुमाथि केही उत्छृंखल तत्वबाट भएको सांघातिक आक्रमणप्रति हाम्रो पाटी नेकपा 'एकीकृत समाजवादी' खेद व्यक्त गर्दछ ।' विज्ञप्तिमा भनिएको छ ।

विगतमा पनि विभिन्न स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा कर्मचारी माथि हेटौंडामा यस्ता घंटना हुँदै आएको बताउँदै एकीकृत समाजवादीले यसले हेटौंडाको सिङ्गो स्वास्थ्य क्षेत्रमाथि नकारात्मक प्रभाव पार्नसक्नेप्रति चिन्ता व्यक्त गरेको छ । पाटीले पटक-पटक हुने यस्ता घटनाले चिकित्सक तथा कर्मचारीमाथि सुरक्षाको गम्भीर प्रश्न उठ्न गई हेटौंडाको सिङ्गो स्वास्थ्यक्षेत्र माथि नकारात्मक प्रभाव पर्नसक्ने विज्ञप्तिमा उल्लेख गरेको हो ।

समाजवादीको विज्ञप्तिमा चिकित्सक कुट्नेलाई कारवाही माग गर्दै भनिएको छ, 'स्वास्थ्य संस्था एवम् स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभूतिका लागि यस्ता उच्छृंखल क्रियाकलापमा संलग्नहरुलाई कानून अनुसार हदैसम्मको कारवाहीको लागि सम्बन्धित निकायसंग जोडदार माग गर्दछ ।'

एक महिना अघि मृत्यु भएका हेटौंडा-१२, पदमपोखरीका ४१ वर्षीय राजेश प्रधानको उपचारमा लापरवाही भएको भन्दै बुधबार हेटौंडा-१ स्थित सन्चो अस्पतालमा कार्यरत डाक्टर विकास थापा र प्रशान्त विडारीमाथि कुटपिट भएको थियो । कुटपिटमा संलग्न रहेको भन्दै मकवानपुर प्रहरीले मृतक राजेशका श्रीमती रमा प्रधान, छोरी रमिता प्रधान, छोरा रोहित प्रधान र भतिज अमित प्रधानलाई बिहीबार पक्राउ गरेको छ । पक्राउ परेका तथा घटनामा संलग्न अन्य व्यक्तिलाई खोजी गरी आवश्यक कारवाही गर्न प्रहरीलाई चौतफी दबाब छ ।

# वक्तृत्वकला गर्दै विज्ञान दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/विज्ञान शिक्षक समाज मकवानपुरले एक कार्यक्रमकाबीच विज्ञान शिक्षक दिवस मनाउने भएको छ । नवोदय शिशु सदनसँगको सहकार्यमा आगामी असोज ६ गते वक्तृत्वकला प्रतियोगिता गरी दिवस मनाउन लागिएको हो ।

'विज्ञान साक्षरता र उद्यमशीलता सफल अर्थतन्त्रको आधारशीला' भन्ने नाराका साथ देशभर मनाउन लागिएको विज्ञान दिवसको सन्दर्भमा 'समृद्ध समाज निर्माणका लागि विज्ञान शिक्षाको भूमिका' विषयक माध्यमिक तह ९ कक्षा ९-१२ स्तरीय वक्तृत्व कला प्रतियोगिता गर्ने तयारी गरिएको छ ।

नवोदय शिशु सदनको सभाहलमा आयोजना हुने सो कार्यक्रममा प्रत्येक गाउँपालिकाबाट कम्तिमा एक छात्रा सहित तीन जना, थाहा नगरपालिकाबाट कम्तिमा एक छात्रासहित ४ जना र हेटौंडा उपमहानगरपालिकाबाट कम्तिमा २ छात्रासहित ५ जना विद्यार्थी कार्यक्रममा प्रतियोगितात्मक रुपमा सहभागी हुनेछन् ।

मकवानपुर जिल्ला स्तरीय कार्यक्रमका लागि पालिकास्तरको छनौट पूरा भइसकेको र केही पालिकामा हुँदै गरेको समाजका सचिव सुवास खनालले जानकारी दिए ।

बकैया, मनहरी, गढी र हेटौंडामा छनौट कार्यक्रम भइसकेका छन् । छनौट भएका सबै पालिकाका प्रतियोगीलाई पुन नवोदय शिशु सदनमा प्रतिष्पर्धा गराई प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमश: रु. ६०००, ५०००, ४००० र ३००० सहित प्रमाणपत्र प्रदान गरिने स्ट्यान जिल्ला अध्यक्ष खेमराज लामिछानेले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३२३

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever
BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Class starts from ASOJ 15
01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform
Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080
Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np
ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# खचाखच बालसुधारगृह

मानवजीवनमा सामान्य अवस्थामा पनि खान, बस्न र लगाउन पाउनुपर्ने आधारभूत आवश्यकता प्रमुख विषय हुन् । मानिसमा जति पीडा वा तनाव भए पनि यी तीन विषय आधारभूत आवश्यकताभित्र पर्दछन् । तर, सरकारले सञ्चालन गरेको एउटा सुधारगृहमा थुनुवा/बन्दीहरु आधारभूत आवश्यकताबाट बञ्चित हुनुपरेको छ । हेटौंडा-११, थानाभञ्याङमा रहेको बालसुधारगृहमा थुनुवा/बन्दी बालकहरु यही आवश्यकताको चरम अभावमा दैनिकी कटाउन बाध्य छन् । बालसुधारगृहको क्षमता ३० जनाको छ । तर, यहाँ हाल ७८ जना थुनुवा/बन्दी बालकहरु रहेको गृहले जानकारी दिएको छ । विगतमै थुनुवा/बन्दी बालक खचाखच भएको अवस्थामा ८ भदौमा भक्तपुरबाट थप १८ जना थुनुवा/बन्दी बालकहरु आएका छन् । भक्तपुरको बालसुधारगृह फुटाएर उत्पात मच्चाउने थुनुवा/बन्दी बालकहरु हेटौंडा ल्याइएपछि गृहका व्यवस्थापन निकाय त्राशमा छन् । भक्तपुरमा जस्तै हेटौंडामा पनि बालकहरुबीच झडप हुने हो की भन्ने चिन्तामा गृहको व्यवस्थापन पक्षमा आशंका छ । भक्तपुरबाटै बीरगञ्जस्थित सुधारगृह गएका थुनुवा/बन्दी बालकहरुले झडप गराइसकेका छन् । भक्तपुरको बालसुधारगृहमा झडप भएको महिना दिन नपुग्दै गत मंगलबार राति बीरगञ्जको बालसुधारगृहमा तनाव भएको हो ।

४ भदौमा भक्तपुरको बालसुधागृहमा झडपको घटनापछि सारिएका १८ बालक र बीरगञ्ज सुधारगृहमा पहिल्यैदेखि रहेका केही बालकको समूहबीच कुटाकुट भएको थियो । बालसुधारगृह हेटौंडाका गौतमकाअनुसार हालसम्म यहाँ कुनै तनावको अवस्था भने सिर्जना भएको छैन । तर, झडपको सम्भावना भने रहेको व्यवस्थापन पक्ष नै बताउँछ । भक्तपुरबाट ८ भदौमा १८ जना थुनुवा/बन्दी बालकहरु यहाँ ल्याइएको हो । हालसम्म उनीहरुको विवरण भक्तपुरले उपलब्ध गराएको छैन । १४-२२ वर्षसम्मका रहेकामा भक्तपुरबाट १९-२५ वर्षसम्मका युवासमेत ल्याइएपछि झडप हुने सम्भावना देखिएकाले ९ जना प्रहरीले सुधारगृहमा सुरक्षा दिइरहेका छन् । यसअघि ७ जना प्रहरीले सुरक्षा दिइरहेकोमा भक्तपुरबाट आएपछि २ जना सुरक्षाकर्मी थपिएको हो । बालसुधारगृहमा क्षमताभन्दा दोब्बर बढीलाई राखिएपछि व्यवस्थापनमा कठिनाई हुँदै आएको हो । पहिल्यै ६० जना थुनुवा/बन्दी बालकहरु रहेकोमा भक्तपुरबाट थप १८ जना ल्याइएपछि अहिले खान, सुत्न र बस्नसमेत समस्या भइरहेको छ । '२०-३० जनालाई त भुइँमा सुताउनुपर्ने अवस्था छ । खान, सुत्न र शौच गर्नै समस्या छ । सुधारगृहमा संरचनाको अभाव हुँदा शौच गर्न पनि समस्या भइरहेको छ । कारागार ऐनअनुसार कारागार सञ्चालन भइरहेको र बालसुधारगृह ऐन नआउँदा बालसुधारगृह सञ्चालनमा तालमेल नमिलेको हो । सुधारगृहमा पुस्तकालयको व्यवस्थापन र खेलकुद गतिविधि गराउन नसकिएको हो । थुनुवा/बन्दी बालकहरुलाई सुविधा दिन सकिएको छैन । नियमित तालिम दिन नसकिएको र बजेटको पनि अभाव रहेको छ । विभिन्न अपराधमा वा बालबिज्याइँमा संलग्न भई पुर्पक्षका लागि थुनामा राख्नुपर्ने अवस्थामा १८ वर्षमुनिका बालबालिकालाई बालसुधारगृहमा राख्ने व्यवस्था बालबालिकासम्बन्धी ऐनले गरेको छ ।

बाल न्यायसम्पादन (कार्यविधि) नियमावली २०७६ परिच्छेद-२ को ६ मा बालसुधारगृहमा स्वच्छ पिउने पानी, पोषणयुक्त खानेकुरालगायतका न्यूनतम सुविधाको व्यवस्था हुनुपर्ने उल्लेख छ । तर, देशभरका आठवटा बालसुधारगृहमा रहेका अधिकांश बालबालिका न्यूनतम सुविधाबाट वञ्चित छन् । उनीहरुको आचरण, बानी तथा व्यवहार सुधार्ने शिक्षा, परामर्शलगायतका सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ । तर, त्यस्ता बालबालिकाले गुणस्तरीय शिक्षा, स्वास्थ्यलगायतका सुविधा पाउनु त टाढैको कुरा, खानपिन र सजिलोसँग बस्न नै संघर्ष गर्नुपरेको छ । बालसुधारगृहभित्रै शिक्षाको प्रबन्ध भए पनि शिक्षकको अभावमा धेरै सुधारगृहमा बालबालिकाले राम्रोसँग पढ्न पाएका छैनन् । अपराधमा संलग्न बालबालिकालाई सुधारेर सत्मार्ग देखाउन, भविष्यमा जिम्मेवार नागरिक बनाउन सुधारगृहमा राखिएको र यसका लागि आवश्यक सुविधा र व्यवस्था ऐनले तोकिदिए पनि हेटौंडाको बालसुधार गृह नै सुधार गर्नुपर्ने अवस्थामा छ । बालसुधारगृह हेटौंडामा १६ जिल्लाका थुनुवा/बन्दी बालकहरु रहेका छन् । यहाँ आर्थिक अवस्थाले मध्यम परिवारका र अभिभावकविहीन बालकहरु धेरै रहेका छन् । बालसुधारगृह हेटौंडामा रहेका ६० जना थुनुवा/बन्दी बालकहरु जर्वजस्तीकरणी मुद्दाका मात्रै ३८ जना रहेका छन् । जसमध्ये २२ जनाको जिल्ला अदालतबाट मुद्दा फैसला भइसकेको र १६ जनाको मुद्दा विचाराधीन छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज १ गते सोमबार १८ सेप्टेम्बर २०२३ । तृतीया, भाद्र शुक्लपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:५०, सूर्यास्त ६:४ । विश्वकर्मा पूजा । हरितालिका (तीज) व्रत । चन्द्रदर्शन दोष ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मांगलिक कार्य सम्पादन | **तुला** | : यात्रामा भयले सताउने |
| **वृष** | : कार्यमा बाधा | **वृश्चिक** | : उपचार खर्च वृद्धि हुने |
| **मिथुन** | : आकस्मिक लाभ हुने | **धनु** | : मानसम्मान मिल्ने |
| **कर्कट** | : अर्थहानि हुने | **मकर** | : जोस एवम् जांगर बढ्ने |
| **सिंह** | : स्थानान्तरण हुनसक्ने | **कुम्भ** | : बादविवाद बढ्ने |
| **कन्या** | : दुस्चिन्ताले पिरोल्ने | **मीन** | : घरेलु काममा रुचि |

# उकालो लागेको वैदेशिक ऋणले नेपाली अर्थतन्त्र धरापमा



✍ हुमराज भुसाल

वर्तमान समयमा नेपालीहरुमा पनि देश आर्थिक रुपमा सक्षम भएमा मात्रै नागरिकमा रहेको धनले प्रधावकारी रुपमा कार्य गर्न सक्ने रहेछ भन्ने चेतनाको विकास पलाउँदै गएको छ । यसको संकेतका रुपमा सरकारलाई बुझाउनु पर्ने राजस्व समयमा नै बुझाउने प्रचलन बढेको तथ्यबाट प्रमाणित भएको पाईन्छ ।

देशको अर्थतन्त्रमा सकारात्मक सुधार आउनु भनेको समग्रमा पुँजी निर्माणको कार्य अगाडि बढेर आर्थिक विकासका लागि चाहिने पुँजीको मागमा समस्या नहुनु हो । नेपाली अर्थतन्त्रमा वर्तमान संकटको अवस्था सिर्जना हुनुका विभिन्न कारकमध्ये नेपाली बजेट प्रणालीको इतिहासमा पहिलो पटक राजनैतिक प्रतिशोधको भावना राखेर देशलाई जबरजस्त तरिकाले बजेट होलिडेमा लैजानु पनि प्रमुख हो ।

अघिल्लो सरकारले सुरुवात गरेका अधिकांश विकास योजनालाई अलपत्र पारेर नयाँ योजनामा बजेट विनियोजन गरी आत्मघाती काम गर्दा देशको पुँजीगत खर्चको अवस्था पछिल्ला पाँच आर्थिक वर्षको तुलनामा अत्यधिक रकमले न्यून रहन गएको छ । यसले आन्तरिक बजारमा स्वदेशी मुद्राको प्रवाहसमेत रोकिदै क्रयशक्ति क्षमता तथा उपभोग्य क्षमतामा कमी आईरहेको छ ।

२०७२ सालमा नेपालको संविधान जारी गरी कार्यान्वनयनमा आएपछि देशमा गरिबी, असमानता र बेरोजगारीको संख्यामा उल्लेख्य वृद्धि भएको छ । नेपालमा संविधानसभाबाट संविधान जारी गरिसकेपछि नेपाली युवाहरु द्वन्द्वकालको समयमा भन्दा तीव्र गतिमा वैदेशिक रोजगारीमा गईरहेका छन् । जसको प्रत्यक्ष असर देश विकासको गतिमा परिरहेको छ ।

वि.सं २००७ को राजनैतिक परिवर्तनपछि नेपाल र विश्वका अन्य राष्ट्रहरुबीच सम्बन्ध स्थापित हुन थाल्यो । त्यसबेला भारत र चीनको स्वशासित प्रदेश तिब्बतसंग मात्र व्यापारिक सम्बन्ध रहिआएको नेपालमा बढ्दो वैदेशिक व्यापारको मात्रामा पनि विस्तार हुन थाल्यो । वि.सं २०२१ सालदेखि नेपालको वैदेशिक व्यापारमा वृद्धि भई भारत र चीनबाहेक समुद्र पारका अन्य देशहरुसंग पनि व्यापार सम्बन्ध सुरुआत भएको थियो । वैदेशिक व्यापारको सन्दर्भमा आयात आ.व.२०३१/३२ मा रु. ८१ अर्ब रहेकोमा ०७८/७९ मा रु.१९ खर्ब २० अर्ब पुगेको छ । जबकि निर्यात सोही समयमा रु.८८ करोड ९६ लाख बाट रु.२ खर्ब पुगेको छ । यसले नेपालको बैदेशिक व्यापार निरन्तर ओरालो यात्रामा रहेको देखाउँछ ।

नेपालले आर्थिक वर्ष ०५३/५४ मा आफ्नो जिडिपिको ३३.४ प्रतिशतको आयात गरेकोमा आर्थिक वर्ष ०७७/७८ मा ४५ प्रतिशत बराबरको आयात गरेको छ । सोही समयमा निर्यात व्यापार नेपाली जिडिपिको १३.१ प्रतिशतबाट घटेर ३.३ प्रतिशतमा पुगेको छ । यसले नेपाली अर्थतन्त्र आयातमुखी अर्थतन्त्रमा रुपान्तरण भएको प्रमाणित गरेको छ ।

आर्थिक वर्ष ०६०/६१ मा नेपालको कुल आयात रु. १ खर्ब ३६ अर्ब रहेकोमा ०७८/७९ मा रु.१९ खर्ब २० अर्ब पुगेको छ । यसैगरी, निर्यात रु ५३ अर्ब ९१ करोडबाट रु २ खर्ब पुगेको छ । यसले नेपाली अर्थतन्त्रमा बाह्य मुलुकले माग गर्ने वस्तुको उत्पादन न्यून भएको बुझिन्छ । यसलाई बुँदागत रुपमा चर्चा गरौं ।

**विकास खर्चको अवस्था**

नेपालमा योजनाबद्ध आर्थिक योजना तथा बजेट प्रणालीको सुरुवात भएदेखि आर्थिक वर्ष २०७९/८० सम्म आईपुग्दा देशको विकास खर्चको अवस्थामा सकारात्मक प्रगतिको नतिजा प्राप्त गर्न सकिरहेको छैन । यसले गर्दा नेपाली अर्थतन्त्रले सात दशकको योजनाबद्ध विकास र बजेटरी प्रक्रियामा सान्दर्भिक उपलब्धि हासिल गर्न चुकिरहेको छ ।

अहिले देशमा १५ औं योजना कार्यान्वयनमा आईरहेको छ । संघीय सरकारका तर्फबाट यतिबेला १६औं योजनाको नीति तथा कार्यक्रमका सैद्धान्तिक पक्षका बारेमा सरोकार वालाहरुसमक्ष छलफल चलिरहेको छ ।

विगतका योजनाहरुले अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेको कारणले देशमा आर्थिक विकास र वृद्धिको दीगो आधार तयार हुन सकेन । जसका कारणले वर्तमान समयमा मुलुकका सबै समष्टिगत आर्थिक सूचकहरुको अवस्था ऋणात्मक बनिरहेको छ ।

१६ औं योजनाको सैद्धान्तिक अवधारणापत्रले वर्तमान नेपाली अर्थतन्त्रका प्रमुख चुनौती र यसको समाधानका लागि नेपालले आफ्नै पुँजीमा गर्न सक्ने सुधारका रणनीतिक विकास योजना समावेश गर्दै संरचनात्मक अवरोध र त्यसको समाधान जरुरी छ । भएका योजना कार्यान्वयन र विकासका कार्यक्रमका स्पष्ट नेपाली मोडल स्थापित गर्न सकिएमा मात्रै दीगो विकासको लक्ष्यलाई प्राप्त गर्ने गरी अगाडि बढ्न सम्भव हुन्छ ।

स्थानीय निर्वाचन २०७४ पछि देशभर स्थानीय प्रदेश तथा संघीय सरकारको पहलमा भ्यूटावरहरु अनावश्यक रुपमा निर्माण गरी देश विकासका लागि आवश्यक पुँजीको गलत प्रयोगले पनि वर्तमान समयमा आर्थिक समस्या सिर्जना गर्नमा मुख्य भूमिका खेलेको छ ।

**बजेट कार्यान्वयनको अवस्था**

देशमा प्रजातन्त्रको पुनस्थापनापछि विनियोजन गरिएका कुनै पनि विकास योजनाहरु समयमै निर्माण सम्पन्न हुन सकिरहेका छैनन् । चरम राजनैतिक स्वार्थ तथा भ्रष्टाचारमा लिप्त कर्मचारी मनोविज्ञानले पनि बजेट कार्यान्वयनमा प्रत्यक्ष तथा अप्रत्यक्ष भूमिका निर्वाह गरेको छ ।

२०५१ सालदेखि २०६२ सम्म द्वन्द्वको कारणले, २०६२ देखि २०७२ सम्म संविधान निमार्णका नाममा, २०७२ देखि २०७६ सम्म भूकम्प तथा संक्रमणकालीन समयका नाममा र २०७६ सालपछि कोभिड १९ का कारणले विकास योजना सञ्चालनमा अवरोध उत्पन्न भई बजेटको कार्यान्वयनमा समस्या आएको बताईन्छ । जुन तथ्यमा आंशिक सत्यता रहेता पनि वास्तविकता सत्यता भनेको नेपाली आर्थिक कुटनीतिको असफलता नै हो ।

वैदेशिक लगानीको सहयोगमा सञ्चालित योजना कार्यान्वयन आएता पनि पूर्वाधार, स्टार्टअप, भूमि क्षेत्रसँग सम्बन्धित बजेटको कार्यान्वयन शून्य अवस्थामा नै रहेका छन् । साधारण खर्च प्रत्येक आर्थिक वर्षमा सतप्रतिशत नै खर्च हुनु र पुँजीगत खर्च आशातित गतिमा खर्च नहुनुको कारण भनेकै कर्मचारीमा दिन कटाउने मनोविज्ञान तथा राजनैतिक नेतृत्वमा रहेको सस्तो लोकपिय्रता प्रतिको मोह नै जिम्मेवार तत्व हो ।

तीन दशक अगाडिबाट सुरुवात गरिएका अधिकांश विकास योजनाहरु अहिलेको अवस्थामा आईपुग्दा समेत पूर्ण हुन सकिरहेका छैनन् । मुस्किलले सुरुवात गरिएका २० वटा राष्ट्रिय गौरवका योजनाहरु एक तिहाई पनि पुरा गर्न नसक्नुले अन्तरराष्ट्रिय जगतमा नेपालको आर्थिक प्रशासन लज्जित छ ।

**वैदेशिक रोजगारी**

नेपालको जनगणना-२०७८ ले करिब २२ लाख नेपाली मुलुक बाहिर रहेको देखाएको छ । यो नेपाली नागरिकता कायमै राखेर विदेशिएकाहरूको तथ्याङ्क हो । यसबाहेक देश छाडेर गएका र नागरिकता पनि त्यागिसकेका नेपाली मूलका मानिसहरूको संख्या गणनामा छैन ।

छिमेकी मुलुकले बाहिरिएका नागरिकलाई देशप्रेम भावना जगाएर उनीहरुलाई स्वदेशमा लगानीका लागि प्रेरित गरिरहेको अवस्थामा हाम्रा नेतृत्वले दाताको सहयोगमा समेत भ्रष्टाचार गरेर नागरिकको हुर्मत काडिरहेका छन् ।

आर्थिक वर्ष २०७९/८० असार मसान्त सम्ममा करिब ८ लाख युवाले वैदेशिक रोजगारीको अनुमति लिएका छन् । सोही अवधिमा थप १ लाख १० हजार युवाले विदेश अध्ययनको अनुमति पाएका छन् । पहिलेदेखि नै विदेशमै रोजगारमा रहेका र उतै बसोबास गरेकाहरू लाखौंमा छन् । अनौपचारिक माध्यम र पर्यटक भिसा लिएर पलायन हुनेहरूको संख्या पनि सानो छैन ।

रोजगारीका लागि खाडी मुलुक, मलेसिया, कोरिया, जापान आदि गएका युवाहरु केही समयमा स्वदेश फर्कन्छन् । उनीहरुले कमाएको रकम स्वदेशी अर्थतन्त्रमा प्रयोगमा आउने गर्दछ । अध्ययनका नाममा विकसित मुलुक जाने युवाहरूमध्ये अधिकाशं स्वदेश नफर्कने सुनिश्चित छ । उनीहरुले अध्ययनका नाममा लगेको पुँजीले नेपाली अर्थतन्त्रलाई जोखिमपूर्ण अवस्थामा पुर्याउने पक्का छ ।

**सहकारी क्षेत्र**

नेपाली अर्थतन्त्रको एक खम्बाका रुपमा संविधानले नै स्वीकार गरेको क्षेत्रमा अहिले अनेकौ आशंकाका धमिरा लागिरहेका छन् । कतिपय सहकारीका सञ्चालकले गरेको गल्तीको सजाय सम्रग सहकारी क्षेत्रले भोग्नु परेको छ ।

सहकारी विभागको पछिल्लो तथ्याङ्क अनुसार ०७९ फागुनसम्म आइपुग्दा ३१,३७३ प्रारम्भिक सहकारी संस्था, जिल्ला र प्रदेश स्तरका सहकारी संघहरू १९ वटा, केन्द्रीय सहकारी संघ १ वटा राष्ट्रिय सहकारी बैंक सञ्चालनमा आएका छन् । सहकारी संस्थामा सेयर सदस्य संख्या ७३ लाख ८१ हजार २ सय १८ पुगेको छ, जसमा महिला सहभागिता ५६ प्रतिशत छ । सहकारी अभियानको नेतृत्वमा महिलाको उपस्थिति करिब ३९ प्रतिशत छ ।

सहकारी क्षेत्रबाट ४ खर्ब ७८ अर्ब ३ करोड रुपैयाँ बचत परिचालन भई ४ खर्ब २६ अर्ब ३५ करोड रुपैयाँ ऋण लगानी भएको छ । यो क्षेत्रले प्रत्यक्ष रुपमा ९३ हजार ७ सय ७१ व्यक्तिलाई आन्तरिक श्रम बजारमा रोजगारी सिर्जना गरेको छ ।

कोभिड-१९ महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण वित्तीय प्रणालीमा सिर्जित तरलताको समस्याले सहकारी क्षेत्रमा असर पर्‍यो । पछिल्लो समयमा सहकारीका सञ्चालकहरुमा वित्तिय अनुशासन कायम हुन नसक्दा बचतकर्ताहरुको बचत जोखिममा परेको छ । त्यसैगरी, सहकारीले प्राथमिकता क्षेत्रमा लगानी नगरी घरजग्गामा लगानी गरेको र लगानीकर्ताहरुले ब्याजसमेत फिर्ता गर्न सक्ने वातावरण नभएकोले सहकारी जोखिममा परिरहेका छन् ।

**बढ्दो निष्क्रिय जनसंख्या**

जनगणना २०७८ ले देश विकासका लागि आवश्यक पर्ने जनशक्ति नेपालमा रहेको बताएको छ । यद्धपि १५ देखि ५९ वर्षको जनङख्या ६२ प्रतिशत रहेता पनि यसको ११ प्रतिशत जनशक्तिले देशमा रोजगारीको अवसर नपाएकै कारण वैदेशिक रोजगारीमा पुगेका छन् ।

जनगणनाको तथ्याङ्कअनुसार देशको ३४ प्रतिशत जनसंख्या आर्थिक रूपमा निष्क्रिय छन् । यसले देशमा ठुलो संख्यामा बेरोजगारीको समस्या रहेको र आर्थिक उपार्जनको विकल्पको खोजीमा रहेको देखाउँछ । यो संख्या प्रादेशिक हिसाबले मधेस र बागमती प्रदेशमा धेरै छ । मधेसमा २२ लाख १९ हजार ५ सय ६७ जना तथा बागमतीमा २० लाख १३ हजार ९ सय ९५ जना आर्थिक रूपमा निष्क्रिय छन् । तथ्याङ्कले अब देशमा स्वरोजगार वृद्धि र आर्थिक अवस्था सुधारका लागि गम्भीरताका साथ राज्यले प्राथमिकताका साथ गर्नुपर्ने बताएको छ ।

**उकालो लागेको वैदेशिक ऋण**

अर्थ मन्त्रालयको तथ्याङ्कअनुसार यस्तो जीडीपीको अनुपातमा सार्वजनिक ऋण ४२ प्रतिशत पुगिसकेको छ । ऋण भन्नेबित्तिकै जोसँग जति पनि लिइहाल्ने प्रवृत्ति गलत हो । ऋण लिँदा त्यसको प्रयोग के मा भइरहेको छ भन्ने बहस आवश्यक छ ।

श्रीलंकाको आर्थिक संकटका पछाडि वैदेशिक ऋण पनि प्रमुख कारक थियो । यसलाई नेपाल सरकारले समयमा नै बुझ्नु आवश्यक छ । सरकारको पछिल्लो तथ्याङ्कअनुसार हरेक नेपालीको टाउकोमा ६९ हजार बराबरको ऋणको भार छ । नेपालको कुल सार्वजनिक ऋण २१ खर्ब नाघेको अर्थ मन्त्रालयको विवरण छ । जसमा बाह्य ऋण रु १० खर्ब ६९ अर्ब ७८ करोड पुगेको छ । यो सरकारले तिर्ने ऋण भए पनि यसको दायित्व आमनागरिकमा नै हस्तान्तरण हुने हो ।

विदेशी दाताहरूले नेपाललाई ऋणमा जोड दिँदै अनुदान घटाउँदै लैजानुले नेपाललाई वित्तिय रुपमा असफल बनाउने योजना नेपालले समयमै बुझ्नु आवश्यक छ । सरकारी विवरण अनुसार २०७४ सालपछि अनुदानभन्दा वैदेशिक ऋणको रकम बढ्दै गएको छ ।

वर्तमान समयमा सरकारले साधारण खर्च चलाउनकै लागि पनि आन्तरिक ऋणले नपुगेर बाह्य ऋण उठाउन बाध्य पार्ने तत्व भनेको संघीय शासन प्रणाली रहेको कुरा तथ्यले प्रमाणित गरिसकेको छ । राजनैतिक दलहरुले ईमानदारीताका साथ संविधान संशोधन गरी यसलाई खारेज गरी देशलाई आर्थिक संकटबाट बचाउन ढिलाई गर्नु हुँदैन ।

**बैंकमा रोकिएको पुँजी**

नेपाली बैंकहरुको तथ्याङ्कअनुसार, बैंकमा अहिले करिब ४ खर्ब बराबरको लगानीयोग्य पुँजी निजी क्षेत्रमा सहजै प्रवाह गर्नका लागि राष्ट्र बैंकले केही दिन अगाडि मात्र चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन गरेर उत्पादनमूलक उद्योगका लागि निकै सजिलो व्यवस्था गरेको छ ।

संशोधनले निजी क्षेत्रबाट सञ्चालनमा आएका उद्योग व्यवसाय विस्तारमा सहज हुने प्रतिक्रिया आइरहेको छ । देशमा लगानीयोग्य वातावरण निर्माण गर्नका लागि राष्ट्र बैंकले बैंकमा होल्ड भएको पुँजीलाई बजारमा सहज प्रवाह हुने परिवेश निर्माण हुने गरी नीति तय गर्नुपर्छ । उपलब्ध पुँजीको जति धेरै परिचालन भयो, हुन्छ अर्थतन्त्रमा त्यत्ति नै धेरै पुँजी निर्माण प्रक्रिया चलायमान हुन्छन् । जसले आर्थिक गतिविधिलाई सहजतातर्फ लैजानुका साथै आन्तरिक रोजगारीका अवसर सिर्जना हुनुका साथै आम नागरिकको क्रयशक्ति क्षमतामा पनि वृद्धि गर्छ ।

अन्त्यमा, विसं २००७ सालको राजनैतिक परिवर्तनपछि नेपाली जनतालाई शासकहरुले समृद्धिको भाषणमा थुप्रै आश्वासन दिदा दिँदा वर्तमान समयमा देशको आर्थिक अवस्थालाई रुग्ण अवस्थामा पुर्याई रहेको कुरालाई तथ्यले प्रमाणित गरिसकेको छ ।

*(साभार: रातोपाटी)*

# सामुन्नेमा छ जलवायु महासंकट, नेपालले के गर्ने ?

✍ गोविन्द पौडेल

संयुक्त राष्ट्रसंघ अन्तर्गतको जलवायु परिवर्तन सम्बन्धी अनुसन्धानमूलक संस्था 'आईपीसीसी' का अनुसार विश्वमा औद्योगिकीकरण सुरु भएयताका २५० वर्षमा पृथ्वीको तापक्रम १.१ डिग्री सेल्सियसभन्दा माथिले वृद्धि भइसकेको छ । जति वर्षहरू बित्दै गए पृथ्वीको तापक्रमले एकपछि अर्को रेकर्ड ब्रेक गर्दैछ । यही वर्षको जुलाई महिना पृथ्वीको औसत तापक्रम १ लाख २० हजार वर्षपछिकै सबैभन्दा उच्च रहेको 'कोपर्निकस क्लाइमेट चेन्ज सर्भिस', नासा र संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरूले उल्लेख गरे ।

सन् १९६० को दशकयता समुद्र सतहको माथिल्लो १०० मिटरको पानीको तापक्रम ०.६ डिग्री सेल्सियसले बढेको छ । र, हरेक वर्ष बढ्ने क्रम जारी छ । विश्वका १९६ देश मिलेर गरेको २०१५ को पेरिस सम्झौता अनुसार पूर्व औद्योगीकरण समययता विश्वको तापक्रम १.५ डिग्रीमा सीमित राख्ने (२ डिग्रीले बढ्न नदिने) सीमारेखा केही दशकमै मिचिने अध्ययनहरूले देखाइसकेका छन् ।

केही वर्षयता हाम्रो देशको जलवायुमा पनि व्यापक परिवर्तनका असर देखिन थालेका छन् । वर्षाको स्वरुपमा परिवर्तन हुन थालेको छ । मनसुनको समयमा लामो खडेरी पर्ने र बाली भित्र्याउने बेला भीषण हावा, हुरी र वर्षाले बालीनाली ध्वस्त पार्ने नियति बढ्दो छ । अकस्मात् एकै ठाउँमा हाँडीघोप्टे वर्षा हुने क्रम बढेको छ ।

हिमाली जिल्ला मुस्ताङ जस्तो बढी पानी पर्ने कल्पना गर्न नसकिने ठाउँको कागबेनीमा साउनको अन्तिम हप्ता भीषण वर्षा र बाढी आएर दुई दर्जन भन्दा बढी घर बगायो । त्यहीबेला तराईका जिल्लामा लामो समय पानी नपरेर रोपाइँ हुन पाइरहेको थिएन ।

जलवायु परिवर्तन मानिस मात्रका लागि होइन लाखौं मानिसका लागि अभिशाप बन्दैछ । यसले हजारौं जीवलाई लोप बनाएको छ । हजारौं जीव बदलिएको वातावरणमा बाँच्न संघर्ष गर्दैछन् । चार्ल्स डार्बिनको भाषामा 'जीवहरू नयाँ वातावरणमा फिट हुनसके बाँच्नेछन्, अन्यथा मर्नेछन् ।' जलवायु तथा बदलिंदो वातावरणका कारण विश्वव्यापी रूपमा १० लाखभन्दा बढी जीव लोप हुने अवस्थामा रहेको आकलन छ । वैज्ञानिकहरूको अनुसन्धानले अबको ५० वर्षमा एकतिहाइ वनस्पति र जनावर लोप हुनसक्ने चेतावनी दिएको छ ।

विश्वका विभिन्न देशमा अत्यधिक गर्मीले दर्जनौं मानिसको एकैपटक ज्यान गएको समाचार सुनिन थालेका छन् । ठूला-ठूला डढेलोका प्रकोप बढेका छन् । अन्न उत्पादन घटेर भोकमरीको समस्यामा वृद्धि हुन थालेको छ ।

जलवायु परिवर्तनले निम्त्याउने विपत्तिको हामी निकै सुरुवात अवस्थामा मात्रै छौं । केही दशक पछाडिको कष्टकर जीवन अनुमान गर्न अहिलेका संकेतहरू नै काफी छन्, जब- हामीले फेर्ने हावा तातो हुनेछ । हामीले टेक्ने जमिन तातो हुनेछ । धारोमा खसिरहेको पानीले छाला पोल्नेछ । बदलिएको मौसम र वातावरणसँग बाँच्न प्रत्येक मानिस संघर्षरत हुनेछन् ।

आर्कटिक महासागरको सतहमा विशाल हिउँको मात्रा थियो । यसले ुवीय क्षेत्रलाई चिसो बनाइराख्न र महासागरको पानीलाई तात्न नदिन अहं भूमिका खेल्थ्यो । तर, अहिले त्यहाँको हिउँ तीव्र गतिमा पग्लिरहेको छ । हरेक दशकमा १३ प्रतिशतको दरले आर्कटिक महासागरको हिउँ पग्लिरहेको छ । यही कारण सन् २०५० सम्ममा आर्कटिक क्षेत्र हिउँविहीन बन्ने चेतावनी दिइएको छ ।

यसले महासागरको सतह बढाउनेछ । महासागरको पानी तात्नु भनेको जमिनतिरको तापक्रम पनि बढ्नु हो । यसले जलीय पारिस्थितिक पद्धतिलाई गम्भीर क्षति पुऱ्याउनेछ । समुद्री किनारमा रहेका देशलाई विस्थापित गर्नेछ । विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०३० पछि विश्वमा जलवायु परिवर्तनको असरका कारण कुपोषण, मलेरिया, झाडापखाला, उच्च तापका कारण प्रत्येक वर्ष थप २ लाख ५० हजार मानिसको मृत्यु हुनेछ । मानिसले स्वास्थ्यका लागि छुट्याउनुपर्ने बजेट बढ्नेछ । परिणामतः करोडौं मानिस गरिबीको रेखामुनि धकेलिने छन् ।

विश्वभर करिब ८० लाखभन्दा बढी प्रजातिका जीव पाइने अनुमान छ । तीमध्ये १० लाख प्रजातिको मात्रै गतिलोसँग पहिचान हुनसकेको छ । मानिसका लागि सबै जीव किन चाहिए त भन्ने प्रश्न उठ्न पनि सक्छ । तर अहिलेसम्मको वैज्ञानिक तथ्यहरूले के भन्छन् भने, पारिस्थितिक प्रणालीमा एउटा प्रजाति नहुँदा सिंगो पारिस्थितिक प्रणालीमा गम्भीर असर परि रहेको हुन्छ । त्यसको असर मानिससम्म पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा आइपुग्छ ।

**यसकारण तात्दैछ पृथ्वी**

पृथ्वी तात्नुको मुख्य कारण मानवीय क्रियाकलापबाट उत्सर्जन हुने कार्बनडाइअक्साइड, मिथेन, पानीको वाष्प र नाइट्रसअक्साइड जस्ता हरितगृह ग्याँस हुन् । बाँकी पृष्ठ-३...

# कति खतरनाक हुन सक्छ बालबालिकासँग प्र्याङ्क गर्नु ?

भारतको आन्द्र प्रदेशमा गाडीमा बालबालिकालाई राखेर बनाएको अपहरणको प्र्यांक भिडियो, जसको अहिले निकै आलोचना भइरहेको छ । पछिल्लो समय दुईवटा भिडियो सामाजिक सञ्जालमा निकै भाइरल भइरहेको छ । ती दुवै भिडियोमा बालबालिकालाई प्र्यांक गरिएको छ । जसको सामाजिक सञ्जालमा व्यापक विरोध भइरहको छ ।

भारतको आन् प्रदेशमामा केही व्यक्तिले गाडीमा अपरिचित बालबालिकालाई लिफ्ट दिएपछि अपहरण भएको बताउँछन् । जसकारण बालबालिका त्रसित हुँदै चिच्याउने र रुने गर्छन् । बालबालिकालाई अपरिचित मानिसको गाडीमा कर गरे पनि चढ्न हुँदैन भनेर जागरुकता गराइएको भिडियो बनाउनेको प्रतिक्रिया थियो ।

लाइक र कमेन्टको लागि बालबालिकालाई उत्पीडन गरेको भन्दै उक्त भिडियो बनाएर पोस्ट गर्नेको चर्को आलोचना भइरहेको छ ।

त्यस्तै, अर्को प्र्यांक भिडियो पनि भाइरल भएको छ, जसमा अभिभावकले आफ्ना साना बच्चाको टाउकोमा अण्डा फुटाइरहेका छन् । विश्वभर ह्यासट्याग भएको हजारौं भिडियोहरू टिकटक र इन्स्टाग्राममा भेटिन्छ, जसलाई लाखौं मानिसले हेरेका छन् ।

यी भिडियोमा देखिएका अधिकांश बालबालिका पाँच-छ वर्षका बालबालिका थिए । टाउकोमा अण्डा फुटाउँदा केही बालबालिका स्तब्ध हुन्छन् । कोही चित्त दुखेको कुरा गर्छन्, कोही रुन थाल्छन् र कसैले आमाबुवालाई धकेल्छन्, भिडियोमा यस्तै देखिन्छ ।



अधिकांश बच्चाहरूलाई त्यो ठट्टा हास्यास्पद लागेनन् । यद्यपि उनीहरूका आमाबाबुले भने भिडियो बनाउँदै पेट मिचिमिची हाँसेको देखिन्छ । बालबालिकाले यस्ता ठट्टा नबुझेकाले यो स्वभाविक भएको मनोविज्ञहरु बताउँछन् ।

**के हो प्र्यांक ?**

मनोविद् राजेश पाण्डे भन्छन्, 'प्र्यांक भनेको ठट्टा हो जसमा कसै सिकार बनाइन्छ । चुट्किला सुनाएजस्तै यसमा कथा सुनाउने र श्रोता दुवैलाई रमाइलो लाग्छ । समस्या के छ भने अन्जान ठट्टाको लागि प्रयोग हुने व्यक्तिलाई चोट लाग्न सक्छ, ऊ डराउन सक्छ वा उसलाई नराम्रो लाग्न सक्छ ।'

**बालबालिकाको कोमल दिमागमा प्रभाव**

प्र्यांकमा पीडित हुनेलाई के भइरहेको हो थाहा हुँदैन । मान्छे चकित हुँदा आउने हाँसो केटाकेटीलाई बुझ्न सजिलो छैन ।

साना बालबालिका विकासको सुरुवाती चरणमा हुन्छन् । उनीहरुको लागि हाँसो-ठट्टा तुरुन्त बुझ्न मुस्किल हुन्छ । तर बच्चाले पाँचदेखि छ वर्षको उमेरमा व्यंग्य बुझ्न थाल्छन् । कतिपय बालबालिकाले चार वर्षको उमेर देखि चुटकिला बुझ्न थाल्छन् । यो सिक्ने प्रक्रिया किशोरावस्थासम्म जारी रहन्छ ।

कमेडीको नियम छ- 'पञ्च अप नट किक डाउन'। अर्थात्, व्यंग्य गर्न प्रभावशाली व्यक्तिहरूलाई निशानामा राखिन्छ, कमजोर मानिस होइन । जबकि कमजोर मन र बुद्धि हुने अवोध बच्चाहरु सधैं निशानामा हुन्छन् ।

बेलायतको बाल मनोचिकित्सक संघकी प्रवक्ता राहेल मेलभिल थोमस भन्छिन्, 'प्र्यांक तब सफल मान्न सकिन्छ, जब कसैले आफूमाथि मजाक गरेको हो, आफूलाई कुनै हानि नभएको बुझ्छ र ऊ पनि अरुसँगै हाँस्न थाल्छ ।

**प्र्यांकले बालबालिकाको विश्वास तोड्न सक्छ**

बच्चाले पहिले कुन चीजहरू असामान्य छन् भनेर बुझ्न थाल्छ । उदाहरण दिँदै थोमस भन्छिन्, 'अण्डा फुटाउने जस्ता ठट्टामा पहिले बच्चा आशा दिइन्छ र त्यसपछि झटका दिइन्छ ।'

यस्तोमा खाना पकाउन मद्दत गरौं भनेर अचानक टाउकोमा अण्डा फुटाएर उनीहरुको विश्वास तोडिने उनी बताउँछिन् । 'धेरै भिडियोमा कचौरामा फुटाउने अण्डा टाउकोमा फुटाइयो बच्चाहरूले बुझ्न सक्दैनन् । जसले उनीहरुको विश्वास टुट्छ,' उनी भन्छिन् ।

यसमा सहमति जनाउँदै थोमस बालबालिकाले जहिले पनि बाबुआमालाई आदर्श र विश्वासिलो मान्ने तर यस्तो हर्कतले उनीहरुलाई दोधारमा पार्ने बताउँछिन् ।

**किन आमाबुबाले बुझ्न सक्दैनन् ?**

भिडियो बनाउँदा बालबालिकाको अनुमति बिना रेकर्ड गरी अनलाइन पोस्ट गरिंदैछ । यस्तोमा बालबालिकालाई शारीरिक हानि पुऱ्याउने प्र्यांकलाई कसरी मनोरञ्जनात्मक मान्न सकिन्छ ? यो प्रश्न पनि उठ्छ । विशेषगरी जब त्यस्ता भिडियोमा धेरै बालबालिकाको प्रतिक्रिया हेर्दै उनीहरूलाई चोट पुगेको देखाउँछ ।

'यस्ता प्र्यांक भिडियोमा बालबालिकाको प्रतिक्रिया नकारात्मक देखिन्छ । तर आमाबाबु मुर्छा पर्दै हाँसेको देखिन्छ, जुन आश्चर्यलाग्दो हुन्छ, 'डा. थोमस भन्छिन् ।

थोमसका अनुसार आमाले आफ्नो बच्चालाई चोट लाग्दा पीडादायी प्रतिक्रिया दिंदा बच्चाले पनि भावना देखाउन आवश्यक छ भनेर सिक्न मद्दत गर्छ । तर ठट्टामा हुने व्यवहार ठ्याक्कै उल्टो हुन्छ । यसले नजानिंदो ढंगले बच्चालाई कोही दुःख पर्दा खुसी हुनुपर्छ भनेर सिकाउन सक्छ जुन गलत हो ।

अनुसन्धानकर्ताहरू भन्छन्, 'पीडितको भावनात्मक प्रतिक्रियामा आधारित प्र्यांक भिडियो सामाजिक सञ्जालको नकारात्मक पक्ष हो ।' ठट्टा गर्दा बच्चाको आवश्यकता भन्दा आफ्नै आवश्यकतामा बढी ध्यान दिनु भनेको गैरजिम्मेवार अभिभावक भएको देखाउने थोमस बताउँछिन् ।

**सावधानी जरुरी**

मनोवैज्ञानिक राजेश पाण्डे भन्छन्, 'हाँस्ने र रमाइलो गर्ने अन्य धेरै रचनात्मक तरिका छन् । जब तपाईं मजाक गर्नुहुन्छ, रमाइलो लाग्छ । तर तपाईंले मापन गर्न सक्नुहुन्न कि त्यो मजाकले अर्को व्यक्तिमा कस्तो प्रभाव पार्छ ।' चाहे केटाकेटी हुन् वा ठूला नै, रमाइलोको लागि मात्र कसैलाई डराउनु, स्तब्ध गराउनु वा हैरानी गर्नु गलत रहेको विज्ञहरु बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'डिग्री माइला'को मुहूर्त, दयाहाङ र आँचलको जोडी बाँधिँदै

काठमाडौं/'कबड्डी' फेम्ड निर्देशक रामबाबु गुरुङको निर्देशनमा बन्न लागेको फिल्म 'डिग्री माइला : एमए थर्ड क्लास'को शुभ-मुहूर्त गरिएको छ । शनिबार बिहान नक्साल भगवती मन्दिरमा क्यामेरा र स्क्रिप्ट पूजा गर्दै फिल्मको मुहूर्त गरिएको हो । मुहूर्त समारोहमा निर्देशक गुरुङसहित फिल्मका मुख्य कलाकारहरु दयाहाङ राई, आँचल शर्मा, विजय बराल, माओत्से गुरुङ लगायत उपस्थित रहेका थिए ।




फिल्मको छायांकन आगामी शुक्रबार (असोज ५ गते)बाट ओखलढुङ्गास्थित रुम्जाटारमा हुनेछ । दोस्रो चरणको छायांकन आगामी मंसिरमा काठमाडौं र ओखलढुङ्गामा हुने जानकारी प्राप्त छ । २०७१ सालमा मण्डला थिएटरमा तीनपटकसम्म मञ्चन भएको 'डिग्री माइला' नाटकको आइडियामा केन्द्रित रहेर फिल्म निर्माण हुन लागेको हो । त्यस नाटकलाई दयाहाङ राईले निर्देशन गरेका थिए ।

शैक्षिक बेरोजगारीले युवाहरुमा ल्याएको निराशामा आधारित भएर फिल्म बन्नेछ । नाटक पनि यही विषयमा केन्द्रित थियो । निर्माण सुरु नहुँदै फिल्मको प्रदर्शन मिति तय भैसकेको छ । आगामी वर्ष (२०८१)को नयाँ वर्षलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको छ । बासुरी फिल्मस् प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्मको ट्यागलाइन 'किन चाउरियो मरिच, आफ्नै रागले' राखिएको छ ।

दयाहाङ र आँचलबीच पहिलो पटक फिल्ममा सहकार्य हुन लागेको हो । आँचलले दयाहाङसँग काम गर्न पाउनु आफ्नो अहोभाग्य भनेकी छन् । उनले भनेकी छन्, 'उहाँसँग धेरै कलाकारहरु काम गर्ने मौकाको खोजीमा हुनुहुन्छ । त्यो सुनौलो अवसर मलाई प्राप्त भयो । उहाँसँग काम गर्नका लागि एकदमै उत्साहित छु ।' उनले दयाहाङसँग एक म्यूजिक भिडियोमा भने काम गरिसकेकी छन् ।।

# मेरो चाहना बक्स अफिस होइन, दर्शकको स्याबासी हो : झरना थापा

काठमाडौं/अभिनेत्री टर्न निर्देशक झरना थापाद्वारा निर्देशित चौथो फिल्म 'एक भागवत र एक गीता' शुक्रबारदेखि प्रदर्शनमा आइसकेको छ । पहिलो दिन सुखद अकुपेन्सी हासिल गरेको फिल्मले शनिबार विदाको फाइदा उठाउन सक्ने सम्भावना देखिन्छ । यौनिक-लैंगिक अल्पसंख्यक समुदायको कथामा आधारित भएर बनेको फिल्मले दर्शकबाट राम्रो प्रतिक्रिया प्राप्त गर्दा झरना खुसी देखिएकी छन् ।



उनी आफ्नो लागि बक्स अफिसको अंकभन्दा दर्शकको स्याबासी महत्त्वपूर्ण रहेको बताउँछिन् । शुक्रबार साँझ विशेष शोमा उनले सञ्चारकर्मीसँग भनिन्, 'मलाई व्यापारिक सफलताभन्दा पनि प्रतिक्रिया महत्त्वपूर्ण लाग्छ । बक्स अफिस भनेको त हिजो पनि थियो मेरो । त्यसैले त्यसको त्यतिधेरै चाहना छैन । मेरो चाहना चाहिँ दर्शकले स्याबासी दिउन् भन्ने हो, जुन यतिबेला मैले पाइरहेकी छु ।'

संवेदनशील विषयमा फिल्म बनाएकाले झरनालाई डर भने रहेछ । 'एउटा संवेदनशील विषय उठाएकाले के होला भन्ने डर त थियो । दर्शक प्रतिक्रियाले केही ढुक्क भएको छु । समाजलाई नयाँ चिज लिएर आउनुभएको छ भनेर तारिफ हुँदा धेरै खुसी लागेको छ,' उनले भनिन् । 'ए मेरो हजुर'का श्रृंखलामा प्रेमकथा भन्दै आएकी उनी पहिलोपटक फरक विषय भन्न पाएकोमा सन्तुष्ट देखिन्छिन् ।

'मैले 'ए मेरो हजुर' सिरिज बनाइरहँदा एकैखालको लभस्टोरी प्याटन आयो भन्ने गुनासो धेरैको थियो । तपाईंजस्तो मेकरले समाजमा सन्देश दिने फिल्म पनि बनाउनुपर्छ भन्ने सुझावअनुसार 'एक भागवत र एक गीता' बनाएका हौं,' झरनाले भनिन्, 'व्यापारिक रुपमा फिल्म के होला त्यो त थाहा छैन । तर यो विषयमा फिल्म बनाउन पाएकोमा सन्तुष्ट र खुसी छु ।' फिल्मको कथा उनी स्वयंको हो ।

त्यस्तै, फिल्मकी अभिनेत्री सुहाना थापाले पनि यसपटक आफूलाई अलि बढी डर लागिरहेको बताएकी छन् । उनले सञ्चारकर्मीसँग भनिन्, 'खोइ किन हो मलाई पहिलाभन्दा यसपटक अलि बढी डर लागिरहेको छ । फरक कन्सेप्टमा फिल्म बनेकाले पनि होला कि !' धीरज मगरसँग काम गर्दा रमाइलो अनुभव भएको बताउँदै उनले भविष्यमा लभस्टोरी फिल्ममा काम गर्ने इच्छा रहेको बताइन् ।

# सामुन्नेमा छ जलवायु....

वायुमण्डलमा यी ग्याँस पनि चाहिन्छन् तर ठिक्क मात्रामा । यिनीहरूको मात्रा ठिक्क हुँदा पृथ्वीका जीवलाई फाइदाजनक हुन्छ । यी ग्याँसले पृथ्वीको तापक्रम सन्तुलित बनाउन सहयोग गर्छन् । तर, यी ग्याँसको मात्रा सामान्यभन्दा बढी भयो भने यिनले वायुमण्डलमा 'ब्ल्यांकेट' को काम गर्छन् र सूर्यको सबै तापलाई वायुमण्डल बाहिर जानबाट रोक्छन्, जसका कारण पृथ्वीको तापक्रम बढ्न थाल्छ । चलनचल्तीको भाषामा यसैलाई 'ग्लोबल वार्मिङ' भनिन्छ ।

औद्योगिक क्रान्तियताका २५० वर्षमा पृथ्वीमा कार्बनडाइ अक्साइडको मात्रा ५० प्रतिशतले बढेको छ । मिथेनको मात्रा दोब्बर बढी भएको छ । पृथ्वीमा पाइने कोइला, डिजल, पेट्रोल, प्राकृतिक ग्याँस लाखौं वर्षअघिका जीवहरूको अवशेषबाट बनेका हुन् । यी पदार्थ आजको विश्वमा गाडी तथा उद्योगका इन्धनको मुख्य स्रोत बनेका छन् ।

कार्बनडाइअक्साइड मुख्यत: जैविक इन्धन बाल्दा उत्पादन हुन्छ । यसमाथि कार्बनडाइअक्साइड ग्याँस सोस्ने बोटबिरुवा काटिँदै छन् । कुहिने पदार्थबाट मिथेन निस्किन्छ । जीवाशेष इन्धन बाल्दा, नाइट्रिक अम्ल बनाउँदा, प्रांगारिक र रासायनिक मल बनाउँदा नाइट्रसअक्साइड पैदा हुन्छ । यस्ता ग्याँस उत्सर्जनमा विकसित देश बढी जिम्मेवार छन् । चीन, अमेरिका, भारत, रूस र जापान विश्वका प्रमुख पाँच हरित ग्याँस उत्सर्जनकर्ता हुन् ।

**कार्बन उत्सर्जन रोक्न अलमल**

पृथ्वीको तापक्रम नियन्त्रण नगरे यसले मानव जातिलाई एउटा हैन अनेकौं संकटले घेर्नेछ । खानेपानीको हाहाकार, कृषि उत्पादनमा भारी गिरावट, प्राकृतिक विपत्ति, सरुवा रोगहरूको बिगबिगी, अर्थतन्त्रमा संकट, ऊर्जा संकट लगायत यस्तो कुनै क्षेत्र रहने छैन जसमा जलवायुको असर नपरेको होस् । वैज्ञानिकहरूले जलवायुको संकटसँग जुध्ने उपाय खोज्न सजिलो छैन । किनकि यसको असर चौतर्फी रूपमा पर्दैछ । यसको एउटै उपाय भनेको हरित गृह ग्याँसको उत्सर्जन रोक्ने नै हो । यसैले वैज्ञानिकहरूले जलवायु संकटलाई मानिसले सामना गर्नुपर्ने सबैभन्दा भयानक संकटका रूपमा अर्थ्याएका छन् ।

विभिन्न देशले सन् १९५० देखि १९६० सम्ममा कार्बन उत्सर्जन शून्यमा झार्ने घोषणा गरेका छन् । तर त्यसको तयारी जति तीव्र हुनुपर्ने हो त्यति भइरहेको देखिन्न । विश्वका राष्ट्रहरू बीचमा राजनीति, अर्थतन्त्र, अन्तरिक्ष, राष्ट्रवाद र सामरिक स्वार्थको प्रतिस्पर्धामा जलवायुको मुद्दा ओझेलमा परेको छ । अर्कोतिर पचासको दशकसम्म जलवायु परिवर्तनले धेरै ठूलो क्षति पुऱ्याइसकेको हुनेछ । अहिले नै कार्बन उत्सर्जन शून्यमा झारे पनि पृथ्वीलाई पूर्ववत् अवस्थामा फर्काउन अब कठिन रहेको विश्लेषण जो गरिएको छ ।

**नेपालको फितलो तयारी**

आउँदा वर्षहरूमा नेपालले जलवायु परिवर्तनका ठूलो असरहरूको सामना गर्नुपर्नेछ । नेपाल हिमालयको देश भएकाले पनि जलवायु परिवर्तनको बढी असर र क्षति यहाँ पर्नेवाला छ । अहिले नै वर्षाको स्वरूपमा परिवर्तन हुन थालेको छ । हिमालहरू काला हुँदै गएका छन् । लामो खडेरीले नेपालका कैयौं नदी सुकाउनेछ । जलविद्युत् र सिंचाइमा गम्भीर धक्का पुऱ्याउनेछ । सेता हिमालको मनमोहक दृश्य हेर्न विश्वभरबाट नेपाल ओइरिने पर्यटकहरू घट्नेछन् । यसको असर अर्थतन्त्रमा पर्नेछ ।

नदीहरू सुक्दै जाँदा जलविद्युत् उत्पादन घट्नेछ । यसबाट गम्भीर ऊर्जा संकट आउन सक्नेछ । यसर्थ, जलविद्युत्मा आउन सक्ने सम्भाव्य संकटबाट बच्न अरू नवीकरणीय ऊर्जाका स्रोतहरू सौर्य, वायु र परमाणविक ऊर्जाको विकल्पहरूमा पनि काम गर्नुपर्ने आवश्यकता छ ।

हाम्रा गाउँघरतिर खानेपानी र सिंचाइको प्रमुख स्रोत स्थानीय खोलानाला हुन् । वर्षामा आउन सक्ने अनियमितताले खोलानालाका मूलहरू सुकाउन सक्नेछ । खानेपानीको समस्या आउन सक्छ । यसो हुँदा कृषि उत्पादनमा ठूलो ह्रास आउनेछ । यसर्थ, सिंचाइको एउटै स्रोतमा भर नपरी अरू स्रोतबारे पनि समयमै सोच्न आवश्यक छ ।

नेपालमा २३ सय भन्दा बढी हिमताल छन् । हिमतालहरू फुटेर आउन सक्ने बाढीले ठूलो धनजनको क्षति पुऱ्याउन सक्छ । यसर्थ, नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायुबारे सशक्त आवाज उठाउनुपर्छ । नेपालले २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य लिए पनि तदारुकताका साथ काम गरिरहेको देखिन्न । हामीले जति छिटो शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्छौं त्यति नै अरू देशहरूमाथि दबाब बढाउन सजिलो हुने तथ्य बिर्सन हुँदैन । निराशाजनक कुरा यो छ कि स्वदेशमै विद्युतीय गाडीको उत्पादन गर्ने वातावरण तयार गर्न सरकार अझै अग्रसर भएको देखिन्न । यो कुरा जलवायुको मुद्दाको लागि मात्रै होइन शहरको प्रदूषण घटाउन पनि अत्यावश्यक भइसकेको छ ।

विश्वले जैविक इन्धन विकल्पबारे काम गरिरहेका वेला हामीले चाहिं रासायनिक मल उत्पादन गर्ने कारखाना कोइला र प्राकृतिक ग्याँसबाट चल्ने गरी काम गर्न खोज्नु उदेकलाग्दो कुरा हो । यस्ता कारखाना जलविद्युत्बाट पनि चलाउन सम्भव छ र त्यो नेपालको पर्यावरणीय हितमा पनि हुनेछ भन्ने विज्ञहरूबाट आइरहेकै छ । अहिल्यै सोच्नुपर्नेछ, अबका उद्योगमा नवीकरणीय ऊर्जा प्रयोगको विकल्प छैन ।

आउँदा वर्षहरूमा बढ्न सक्ने प्राकृतिक विपत्तिको क्षति न्यूनीकरणको तयारी, राहत तथा उद्धारका लागि विशेष कोष खडा गर्न आवश्यक छ । कुनै पनि वर्ष आउन सक्ने लामो खडेरी तथा अतिवृष्टिका कारण आउन सक्ने खाद्यान्न संकटबाट बच्न अहिले उत्पादन वृद्धि र बृहत् खाद्यान्न भण्डारणको व्यवस्था गरिनुपर्छ ।

पहाडी क्षेत्रमा जथाभावी डोजर चलाउँदा केही वर्षपछि त्यसको मूल्य चुकाउनुपर्ने कुरामा सजग र हन आवश्यक छ । विकसित देशहरूसँग नेपाल जस्ता देशले क्षतिपूर्तिको मागका लागि निरन्तर आवाज उठाइरहनुको विकल्प छैन । जलवायुका अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागी हुँदैगर्दा विदेश भ्रमणमा र माउने भन्दा पनि हरित ग्याँस उत्सर्जनलाई रोक्न छिटो काम गर्नुपर्ने मुद्दालाई सशक्त रूपमा उठाउन सक्नुपर्ने हुन्छ ।

वातावरण तथा पर्यावरणमा विनाश लीला मच्चाएर सम्पन्न भएका आजका विकसित मुलुक जलवायु परिवर्तनमा बढी जिम्मेवार छन् । *(साभार: अनलाइनखबर)*

# नारायणगढ गोन्द्राङ सडकमा ६० करोडको काम गर्न ५ करोड विनियोजन



चितवन/चितवनको मुख्य बजार क्षेत्र नारायणगढदेखि गोन्द्राङसम्मको सडक ६ लेनमा विस्तार गर्ने कामका लागि सरकारले चालु आर्थिक बर्षमा जम्मा ५ करोड मात्रै रकम विनियोजन गरेको छ ।

६ किलोमिटर लामो सडक विस्तारको म्याद आउने मंसिर सम्म छ । सडक डिभिजन कार्यालय भरतपुरका अनुसार सडक विस्तारको करिब ७० प्रतिशत काम सकिएको छ ।

सडक विस्तार गरिरहेको ठेकेदार कम्पनी सगुन कन्स्ट्रक्सनले सरकारले चालु बर्षका लागि छुट्याएको रकम बराबरको काम गरिसकेकोले भुक्तानीका लागि बिल पेश गर्ने तयारी गरेको छ । 'साउनयता नै ५ करोडको काम गरिसकेका छौं', ठेकेदार कम्पनीका प्रमुख सहदेव खड्काले भने, 'भुक्तानीका लागि बिल बनाउने काम भइरहेको छ ।'

१ अर्ब २३ करोड रुपैयाँ कुल लागत रहेको यो सडकमा निर्माण कम्पनीले ७२ करोड रुपैयाँ भुक्तानी लिइसकेको छ । मंसिर सम्मको ३ महिनाको अवधिमा ठेकेदार कम्पनीले बाँकी ३० प्रतिशत काम सकेमा उसलाई थप ६० करोड रुपैयाँ भुक्तानी गर्नुपर्छ । तर सरकारले ५ करोड रुपैयाँ मात्र दिएकाले थप बजेट सरकारले नदिए सडक विस्तारको काम प्रभावित हुने देखिएको छ ।

भरतपुर महानगर पालिकाले सन् २०२४ लाई भरतपुर भ्रमण बर्ष मनाउने तयारी गरिहदा नारायणगढ बजार क्षेत्रमा नै सडक लठभद्र हुने हो कि भन्ने चिन्ता बढ्न थालेको छ ।

सडक डिभिजन कार्यालय भरतपुरका प्रमुख रमेश पौडेलले सडक विस्तारमा बजेटको अभाव हुने देखिएकाले रकम माग्ने प्रक्रिया अघि बढाएको बताए । उनका अनुसार पुसभन्दा अगाडि थप रकम आउने सम्भावना कम हुन्छ । ठेकेदार कम्पनीले भरतपुरको रिजालचोकदेखि गोन्द्राङसम्म सडक कालोपत्रे गर्नुअघिको काम सकेको छ । सडकपेटीहरुको काम बाँकी छ ।

माथिल्लो सतहमा कालोपत्रे पनि बाँकी नै छ । रिजालचोकेदेखि पुल्चोकसम्मको सडकमा काम अहिले भइरहेको छ । रिजालचोकदेखि भरतपुर ओरालोसम्म दुबै भागमा सर्भिस लेन बनेको छ भने, बीचको मूलखण्डको काम पपन भइरहेको छ ।

बजार क्षेत्रमा तल्लो भागको सर्भिस लेनको काम हुँदैछ । त्यसलाई सकेपछि मात्रै उपल्लो भागको सर्भिस लेनमा काम गर्ने योजना ठेकेदार कम्पनीको छ । बर्खायाममा वर्षा र हिलोका कारण काम गर्न समस्या परेको सडक डिभिजन कार्यालयका प्रमुख पौडेलले बताए । दसैंसम्म बजारको तल्लो सर्भिस लेन सक्ने योजना छ ।

भरतपुर भ्रमण बर्षको सुरुवातसम्म बजार क्षेत्रमा कालोपत्रे सक्ने योजना रहेको डिभिजन प्रमुख पौडेलले बताए । तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ भदौमा शिलान्यास गरेको सडक विस्तारको म्याद २०७९ फागुनमा सकिएपछि २०८० मंसिरसम्म म्याद थप गरेको थियो ।

समयमा नै सडक विस्तारको काम नसकिँदा बजार क्षेत्रमा व्यवसायीहरू मर्कामा परेका छन् । उद्योग वाणिज्य संघ चितवनले सडक विस्तार समयमा नसक्दा व्यवसाय चौपट भएको भन्दै सडक डिभिजन कार्यालय, भरतपुर महानगरपालिका, जिल्ला प्रशासन कार्यालयमा चाडै काम सक्न माग गर्दै दवाव दिँदै आएका छन् ।

# दरबारमार्गको भीटू क्लबमा ट्रान्स जेन्डर मोडलको भिरागो नाइट

काठमाडौं/काठमाडौंको दरबारमार्गस्थित होटल अन्नपूर्णमा शुक्रबारदेखि अत्याधुनिक 'भीटू क्लब' सञ्चालनमा आएको छ । चर्चित ट्रान्स जेन्डर मोडल योउशाको संयोजनामा 'भिरागो नाइट' आयोजना गरी क्लबको औपचारिक उद्घाटन गरिएको सञ्चालक कृष्णकुमार बुढाथोकीले जानकारी दिए ।



क्लब उद्घाटनका अवसरमा लाइभ म्युजिक, बेली डान्स, फायर फ्लेरिङ, डिजे सेसन र फेशन शो आयोजना गरिएको थियो । ट्रान्स जेन्डर मोडल योउशा ऱ्याम्प मोडलिङमा फरकशैली अपनाउने मोडलमा परिचित छिन् ।

मोडल भन्ने बित्तिकै स्लिम र निश्चित मापदण्डको उचाइ नै भएका हुनुपर्छ भन्ने मान्यतालाई भत्काउँदै उनले प्रचलित मोडलिङको मान्यतामा नपर्नेहरूलाई पनि ऱ्याम्पमा उतार्ने गर्छिन् ।

भी टू क्लबमा उनले विकिनीमा ऱ्याम्प उतारेका सबै मोडल स्लिम थिएनन् । हरेक व्यक्ति आफैं सुन्दर र आकर्षक हुने भएकाले शरीरको साइज र अनुहारको बनोट हेरेर सुन्दरताको मूल्यांकन गर्न नहुने उनले बताइने । समाजमा अझैपनि सर्वस्वीकार्य हुन नसकेका ट्रान्स जेन्डरहरूको आत्मविश्वास अभिवृद्धिका लागि आफूले यसखालका शोहरू गर्ने गरेको उनले बताइन् ।

दरबारमार्गमा खुलेको यो क्लब निकै आकर्षक छ । यो क्लबमा अत्याधुनिक लाइट सिस्टम र साउण्डको संयोजन गरिएको छ । क्लबको इन्टेरियर निकै मनमोहक छ । सिटिङ अरेजमेन्ट पनि उत्कृष्ट रहेको छ ।

प्राइम लोकेसन तथा पर्याप्त पार्किङ सुविधा भएको यो क्लबले हरेक दिन फरकफरक इभेन्ट आयोजना गरेर क्लब कल्चरमा नयाँ आयम थप्ने योजना बनाएको यसका व्यवस्थापक मनोज श्रेष्ठ बताउँछन् ।

स्वादिष्ट परिकार, ब्राण्डेड मदिरा तथा सुरक्षित वातावरण, लाइभ म्युजिक, चर्चित डिजेहरूको प्रस्तुति रहने भीटू क्लब जान रुचाउनेहरूका लागि उत्कृष्ट गन्तव्य हुने सञ्चालक बुढाथोकीको दाबी छ । काठमाडौंको क्लब दुनियाँमा नयाँ 'ट्रेन्ड सेटर' का रूपमा स्थापित हुने लक्ष्यका साथ खुलेको भीटू क्लब अन्तर्राष्ट्रिय स्तरको रहेको व्यवस्थापक श्रेष्ठ बताउँछन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140,*

*057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# बागमती प्रदेशसभा बैठक : डाक्टर कुटपिट र सुन काण्डसम्म

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ बागमती प्रदेशसभाको शनिबारको बैठकमा हेटौंडामा भएको डाक्टर कुटपिट र १ किलो सुन काण्डले प्रवेश पाएको छ । सांसद एकालाल श्रेष्ठले गत भदौ २७ गते हेटौंडाको सञ्चो अस्पतालमा भएको डाक्टरहरु माथिको हातपातको विषयमा विशेष समिति बनाएर अनुसन्धान गर्नुपर्ने बताए ।

बागमती प्रदेशसभाको दोस्रो अधिवेशनको ३१ औं बैठकको विशेष समयमा बोल्दै सांसद श्रेष्ठले घटनामा दोषि को हो भनेर विशेष समिति बनाएर छानवीन गर्नुपर्ने बताए । डाक्टरमाथि आक्रमण हुनुपर्ने अवस्थाको कारण के गरी सृजना भयो भन्ने विषय पनि महत्वपूर्ण रहेको भन्दै उनले गम्भिर अनुसन्धान पछि निचोडमा पुग्नुपर्ने उनले बताए । यसैगरी केही दिनअघि जिल्ला प्रहरी परिसर, काठमाडौंले बरामद गरेको करिब एक किलो सुन प्रकरणमा बागमती प्रदेशका मन्त्री समेत संलग्न भएकोमा नेकपा एमालेले जवाफ माग गरेको छ ।



प्रमुख प्रतिपक्षी दल नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री तीर्थ लामाको नाम सुन प्रकरणमा संलग्न भएकोमा सांसद समक्ष उनले जवाफ दिनुपर्ने माग गरेका हुन् । थपलियाले भने 'मन्त्रीको नाम उल्लेख गरेर सुन तस्करी भएको सुनिन आएको छ । यस विषयमा सरकारले सदनलाई जानकारी गराउनुपर्दछ ।'

गत मंगलबार प्रहरीले विशेष सूचनाका आधारमा मलद्वार मा लुकाएर दुबईबाट हिमालयन एयर लाइन्समार्फत ल्याएको सुनसहित प्रहरीले काभ्रेको खानीखोला गाउँपालिका-३ का बाबुलाल दोङलाई पक्राउ गरेको थियो । सो प्रकरणमा मन्त्री लामाको नाम मुछिएको भन्दै थपलियाले सरकारले र मन्त्रीले समेत जवाफ दिनुपर्ने बताए । यद्यपी मन्त्री लामाले एक किलो सुन प्रकरणमा आफ्नो नामसमेत जोडिएको भन्दै आपत्ति जनाएका छन् । मन्त्री र कांग्रेस जिल्ला समिति काभ्रे सभापतिको हैसियतमा आफ्नो धेरै जनसम्पर्क हुन्छ, अर्कै प्रसंगमा खिचेको तस्वीरका कारण नाम जोड्नु गलत हुने उनले बताए ।

१ किलो सुन प्रकरणमा काभ्रेका तरुण दलका नेता विकास लामा प्रहरीको खोजी सूचीमा परेकोमा विकाससँग सम्बन्ध रहेको भन्दै आफ्नो नाम जोडिएकामा मन्त्री लामाले आपत्ति जनाएका हुन् । 'मलाई विवादमा ल्याउन चाहने दुराशयका साथ भएका यस्ता कार्यप्रति म सचेत छु' उनले भनेका छन् । मन्त्री लामाले घटनाको सत्यतथ्य छानबीन गर्न र दोषीलाई कारबाही गर्न माग गरेका छन् । छानबीनका लागि आफूले पनि सहयोग गर्ने उनले बताए ।

यसै बीच बैठकले संविधानसभा अध्यक्ष एवम् पूर्वसभामुख स्व. सुवासचन्द्र नेम्वाङको निधनमा शोक प्रस्ताव पारित गरेको छ । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले प्रस्तुत गरेको शोक प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो । उनको निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ ।

प्रतिनिधिसभा सदस्य समेत रहेका नेम्वाङको गत भदौ २६ गते हृदयघातका कारण निधन भएको थियो । शोक प्रस्ताव पारित भएसँगै सभामुख पाठकले प्रदेशसभाको बैठक आगामी असोज १४ गते बिहान ११ बजेसम्मका लागि स्थगित भएको घोषणा गरे ।

# नमूना प्रगतिको शेयर पुँजी लगातार वृद्धि




साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/शेयर सदस्यहरुको बचतको सुरक्षा, लगानीमा सहजताका दृष्टिकोणले जिल्लामै उत्कृष्ट सहकारीको सूचिभित्र पर्ने नमूना प्रगति सहकारीको शेयर पुँजी पनि निरन्तर वृद्धि भइरहेको छ ।

शेयर पुँजी विगत ३ वर्षदेखि निरन्तर वृद्धि भइरहेकाले सहकारीप्रति शेयर सदस्यले देखाएको विश्वासलाई पनि मुल्यांकन गर्न सकिन्छ । हेटौंडा-२, स्थित देवीपथमा रहेको नमूना प्रगति बतच तथा ऋण सहकारी संस्थाको गत आर्थिक वर्ष २०७९/८० मा २ करोड ८२ लाख ५१ हजार ८ सय रुपैयाँ शेयर पुँजी रहेको अध्यक्ष मिठाराम दाहालद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । सहकारीको आव २०७८/७९ मा शेयर पुँजी २ करोड ७७ लाख ९७ हजार ५ सय तथा आव २०७७/७८ मा २ करोड ६५ लाख १ हजार ६ सय रुपैयाँ रहेको अध्यक्ष दाहालको प्रतिवेदनमा जनाइएको छ । सहकारीले गत आव ०७९/८० मा २९ करोड ६९ लाख ४६ हजार ५ सय ४२ रुपैयाँ ऋण लगानी गरेको छ ।

सहकारीका बचत/निक्षेपमा भने गिरावट आएको छ । गत आव ०७९/८० मा २८ करोड ६६ लाख २७ हजार ७ सय ३१ रुपैयाँ र आव ०७८/७९ मा बचत/निक्षेप २९ करोड ९३ लाख ४६ हजार ९ सय ३४ रुपैयाँ रहेको थियो । शनिबार हेटौंडामा भएको सहकारीको २३ औं वार्षिक साधारण सभाको अबसरमा कोषाध्यक्ष केशवप्रसाद देवकोटाले आर्थिक प्रतिवेदन र लेखा सुरपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरिएको थियो । साधारणसभाको अबसरमा सहकारीले ज्येष्ठ सदस्यहरु हीरादेवी दाहाल, शेरबहादुर मिजारलाई, नियमित तथा उत्कृष्ट मासिक बचतमा विष्णुमाया लो, दीपक दियाली, नियमित तथा उत्कृष्ट ऋणीमा उर्मिला बरुवाल, चुडामणि पराजुली, उत्कृष्ट व्यवसायीमा भोजराज पराजुली, उत्कृष्ट आवधिक बचतमा चतुर्भुज अधिकारी, सक्रिय सदस्यमा टोमप्रसाद तिमल्सिना, बालबचततर्फ सयन्सा धिताल, विषम धिताल तथा उत्कृष्ट कर्मचारी रुपा चौलागाईं पुरस्कृत भएका छन् ।

सहकारीका अध्यक्ष दाहालको सभाध्यक्षता तथा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री एकालाल श्रेष्ठ, प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा, सहकारीका पूर्वअध्यक्ष बद्रीप्रसाद लम्साल, सहकारीका सल्लाहकार सूर्यचन्द्र न्यौपाने, हेटौंडा उपमहानगरका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, दिव्यतारा सहकारीका अध्यक्ष डा.गणेश लामा, नुरप्रसाद गौतम, वीरेन्द्रप्रसाद ढुंगाना, उद्धवप्रसाद दाहाल, कुमारमणि दाहाल, रामेश्वर अर्यालगायतको आतिथ्यता रहेको थियो ।

# स्वास्थ्यकर्मीद्वारा प्रदेशसभामा प्रदर्शन, सेवामा फर्कन मन्त्रीको आग्रह




साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ मकवानपुरमा विगत ३ दिनदेखि आन्दोलित स्वास्थ्यकर्मीहरुले शनिवार बागमती प्रदेशसभा भवन अगाडि विरोध प्रदर्शन गरेका छन् ।

प्रदेशसभा भवन अगाडि प्लेकार्ड बोकेर जम्मा भएका चिकित्सकहरुले सुरक्षा माग गर्दै घटनाका दोषीमाथि कडा कार बाहीको माग गरेका हुन् । सञ्चो अस्पतालका चिकित्सक कुटपिटको घटनापछि आन्दोलित बनेका उनीहरुले सुरक्षा माग र दोषिलाई कारबाही माग गर्दै प्रदेशसभा भवन अगाडि प्रदर्शन गरेका हुन् । हेटौंडा-१, स्थित सञ्चो हस्पिटल प्रालिमा २७ भदौमा डा. विकास थापा र डा. प्रशान्त विडारी कुटिएपछि आन्दोलित बनेका स्वास्थ्यकर्मीले शुक्रबारदेखि आकस्मिकबाहेकका सेवा ठप्पसमेत पारेका छन् । दोषीलाई कारबाही गर्नुपर्ने, राज्यले स्वास्थ्यकर्मीको सुरक्षा दिनुपर्नेलगायतका माग उनीहरुले राखेका छन् ।

विरोध प्रदर्शनमा पुगेका चिकित्सकहरुले 'अब त अति भो, स्वदेशमा उपचार सेवा गर्नुभन्दा खाडी बेस हो ?, उपचारका लागि औजार बोक्ने कि सुरक्षाका लागि हतियार, सुरक्षा नपाएसम्म सेवा नदिने' जस्ता प्लेकार्ड बोकेका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरले कुटपिटमा संलग्न भएको आरोपमा हेटौंडा-१२, पदमपोखरीका रमा प्रधान, रमिता प्रधान, रोहित प्रधान र अनुप प्रधानलाई पक्राउ गरी हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ ।

बागमती प्रदेशका स्वास्थ्य मन्त्री उत्तम जोशीले चिकित्सक माथि भएको घटनाको भर्त्सना गरे । प्रदेशसभा सचिवालय भवन अगाडि घटनाको विरोधमा न्याय माग्दै प्रदर्शनमा उत्रिएका चिकित्सकहरुको प्रश्नलाई सम्बोधन गर्दै सरकार चिकित्सकको हकहित र सुरक्षामा गम्भीर रहेको उनले बताए । मन्त्री जोशीले स्थानीय प्रशासनको कमिकमजोरीलाई सुधार गरेर आगामी दिनमा चिकित्सक तथा आमनागरिकहरुलाई सहज र सुरक्षित जीवनयापन गर्न सक्ने वातावरण निर्माण गर्न सरकारले भूमिका खेल्ने विश्वास दिलाए । उनका अनुसार चिकित्सक माथि भएको घटनामा संलग्नलाई हदैसम्मको कानुनी कारबाही गरिने छ ।

गत बुधबार भएको घटनाका विषयमा प्रहरी प्रशासनलाई गम्भीर भएर छानबीन गर्न र घटनामा संलग्न र अदृश्य पात्रलाई समेत पक्राउ गर्न निर्देशन दिएको उनले बताए । 'यो प्रतिनिधि मूलक घटना हो । यसमा पक्राउ परेका व्यक्ति मात्र घटनामा संलग्न छैनन् । यस घटनामा धेरै विषयहरु जोडिएर आएको छ । त्यसमा अनुसन्धान गर्न प्रशासन र प्रहरीलाई निर्देशन दिएको छु ।', उनले भने, 'घटनामा संलग्न वा अदृश्य पात्र पनि पक्राउ गरी कारबाही हुन्छ । यसमा तपाईहरु विश्वस्त रहनुहोला । प्रक्रियागत रुपमा अघि बढ्दा केही समय लाग्न सक्छ । प्रहरीले पनि घटनामा संलग्न अन्य पात्रको नजिक नजिक पुगेको जानकारी दिएका छन् । सरकार चिकित्सकमाथि भएको कुटपिटका विषयमा गम्भीर छ ।',

मन्त्री जोशीले चिकित्सकहरुलाई आन्दोलनको स्वरुप परिवर्तन गरी स्वास्थ्यसेवा प्रवाहमा फर्कन आग्रह गरे । आन्दोलनका कारण जिल्लाकै एक मात्र सरकारी अस्पताल हेटौंडा अस्पतालमा शुक्रबार बिहानदेखि गेटमा ताला लागेको छ । दैनिक १ हजारको हाराहारीमा उपचार गराउने आउने बिरामी अस्पताल आएर फर्किनुपरेको छ । अस्पताल हाताभित्रै कुटपिटमा संलग्न रहेको आरोपमा पक्राउ परेका चार जनामाथि जिल्ला अदालतबाट अनुसन्धान गर्न शुक्रबार तीन दिनको म्याद थप गरिएको छ ।

# नवयुवा सहकारीको शेयर पुँजी २७ प्रतिशतले गिरावट

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिका-११, नवलपुर स्थित नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं साधारणसभा भएको छ ।

नवयुवा सहकारीको एकवर्षमै २७ प्रतिशतले शेयर पुँजीमा गिरावट आएको छ । आर्थिक मन्दीका कारण सहकारीको कारोबारमा पनि समस्या देखिएको हो । सहकारीको आर्थिक वर्ष २०७८/०७९ मा ३ करोड ९७ लाख २० हजार २ सय शेयर पुँजी रहेको थियो । त्यसको एकवर्षमा अर्थात आव २०७९/८० को असार मसान्तसम्म सहकारीको शेयर पुँजी २ करोड ८७ लाख १५ हजार ९ सय रुपैयाँमा खुम्चिएको अध्यक्ष फूलमान श्रेष्ठद्वारा प्रस्तुत प्रगति प्रतिवेदनमा उल्लेख छ । शेयर पुँजी २७ दशमलव ७० प्रतिशतले घटेको हो । शेयर सदस्य संख्या एक वर्षमा वृद्धि भएको देखिए पनि शेयर पुँजीमा पनि गिरावट आएको हो ।



आव २०७८/७९ मा १ हजार ८ सय ६५ जना शेयर सदस्य रहेको सहकारीमा गत आव ७९/८० मा २ हजार ३० जना पुगेका छन् । नवयुवा सहकारीको बचत तथा निक्षेप २१ करोड ८७ लाख ७८ हजार ८ सय ३८ रुपैयाँ रहेको अध्यक्ष श्रेष्ठले जानकारी दिए । आव ०७८/७९ मा बचत तथा निक्षेप १८ करोड ८१ लाख २२ हजार ५ सय २८ रुपैयाँ थियो । कर्जा तथा सापट लगानीतर्फ सहकारीले गत आव ७९/८० मा २० करोड ५२ लाख ३९ हजार ६ सय ९ रुपैयाँ खर्च गरेको छ । लगानीमा पनि सहकारीको १ दशमलव ३७ प्रतिशतले गिरावट आएको छ ।

सहकारीको स्थिर सम्पत्ति गत आव ७९/८० मा ७६ लाख २५ हजार ८ सय ७६ र खुद मुनाफा ६२ लाख ७० हजार ४ सय ६३ रुपैयाँ रहेको छ । ११ नम्बर वडाअध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा विधागत रुपमा पुरस्कार दिइएको थियो । असल ऋणीमा दीपक बर्तौला, नियमित बचतमा रशिला राना, उत्कृष्ट बाल बचतमा प्रमिशा घिमिरे, एकल महिला बचतमा गोमा लामिछाने, ज्येष्ठ नागरिक बचतमा कृष्णमाया श्रेष्ठ, पेन्सन बचतमा डोलमाया गुनी, नवयुवा विशेष बचतमा अमरदीप मण्डल, दैनिक बचतमा बिमलकुमार बर्तौला र मोबाइल बैंकिङ सेवामा सवनम श्रेष्ठ पुरस्कृत भएका छन् ।

छात्रवृत्ति पुरस्कार तथा सम्मानतर्फ सहकारीले सामुदायिक विद्यालयबाट एसईईमा २ दशमलव ५ जिपिए ल्याउने इशा खड्का र संस्थागत विद्यालयबाट ३ दशमल ९० जिपिए ल्याउने रिभिजन हुमागाईंलाई सहकारीले पुरस्कृत तथा सम्मान गरेको हो । एमबिबिएस अध्ययन तथा सम्मानबाट अनुप धितालमाई सम्मान गरिएको र लेखापाल युवराज ढकाल सर्वोत्कृष्ट कर्मचारी घोषित गरिएको सहकारीका व्यवस्थापक नन्दलाल श्रेष्ठ (राजेश)ले जानकारी दिए ।

साधारणसभामा हेटौंडा उपमहानगरका सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, सहकारीका संस्थापक अध्यक्ष गोकर्ण पराजुली, त्रिभुवन माविका अध्यक्ष दीपक उप्रेती, शहिदस्मारकका कार्यालय प्रमुख रामचन्द्र न्यौपाने, ११ नम्बर वडाका वडासदस्यहरु विकास नेपाल, सञ्जय बिडारी र गोपिनी सापकोटालगायतको आतिथ्यता थियो ।

# चार वर्षमा जनचेतनाले बढायो १० करोड ऋण लगानी

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेमा रहेको जनचेतना बचत तथा ऋण सहकारी संस्था लिमिटेडले विगत चार वर्षदेखि निरन्तर ऋण लगानी बढाउँदै लगेको छ ।

चार वर्षअघि अर्थात आर्थिक वर्ष २०७६/७७ मा १९ करोड २३ लाख ९४ हजार २ सय २१ रुपैयाँ ऋण लगानी गरेको जनचेतनाले गत आव २०७९/८० सम्म आइपुग्दा ऋण लगानी २९ करोड ७८ लाख ११ हजार ६ सय २९ रुपैयाँ पुर्‍याएको छ । सहकारीले आव २०७७/७८ मा २२ करोड ६२ लाख २८ हजार ६ सय ९१ र आव २०७८/७९ मा २९ करोड ८ लाख ९८ हजार ३ सय १ रुपैयाँ ऋण लगानी गरेको शनिवार आयोजित २३ औं साधारणसभामा कोषाध्यक्ष ज्योतिमाया डोल्मा, लक्ष्मीदेवी मोक्तानको आर्थिक प्रतिवेदनमा उल्लेख छ ।

जनचेतना सहकारीको गत आव ०७९/८० मा शेयर पुँजी ३ करोड ६१ लाख १३ हजार ९ सय रुपैयाँ रहेको छ । सहकारीको गत आव ०७९/८० मा बचत/



निक्षेप २८ करोड ७ लाख ९५ हजार ८ सय ४८ रुपैयाँ रहेको आर्थिक प्रतिवेदनमा उल्लेख छ । सहकारीकी अध्यक्ष जानुका दुवाडीको सभाध्यक्षता तथा १५ नम्बर वडाका वडाध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर का सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, जिल्ला सहकारी संघकी मेनुका दाहाल, जिल्ला बचत संघकी विष्णुमाया लामा, जनचेतना साकोसकी संस्थापक अध्यक्ष लीलामाया थिङलगायतको आतिथ्यता रहेको थियो ।

साधारणसभाको अवसरमा संस्थाले विभिन्न विधामा शेयर सदस्यहरुलाई सम्मान गरेको छ । सम्मानित हुनेमा ऐच्छिक बचततर्फ केशरी थापा, सिर्जना श्रेष्ठ, रत्न कुमारी मोक्तान, कुमारीमाया मोक्तान र सोमराज पाखिन छन् । त्यस्तै, असलऋणी तर्फ सुनिता थिङ, सुमित्राकुमारी मोक्तान, पूर्णकुमारी पोखेल, मेनुका पुलामीमगर र उमेश क्षेत्री रहेका छन् । उत्कृष्ट समूहतर्फमा उन्नतशील महिला समूह, उज्वल महिला समूह, दिदीबहिनी महिला समूह, स्वभिमान महिला समूह, चुरियामाई महिला समूह, सम्झना महिला समूहलाई सम्मान गरेको छ ।

बाल बचततर्फ संस्कार ढुंगाना, शारीरिक अशक्तता भएका दिलबहादुर सुनार, सविता सुनार र दीपक श्रेष्ठलाई सम्मान गरिएको थियो । सभाकै अवसरमा ज्येष्ठ शेयर सदस्यहरु रेनुका थापाक्षेत्री, ठाइलीमाया थिङ, बुद्धिलक्ष्मी तामाङ, प्रीतिमाया स्याङ्तान र फूलमाया थिङलाई सम्मान गरिएको थियो । संस्थाले सर्वोत्कृष्ट कर्मचारीमा संस्थाका लेखापाल अम्बिका आलेमगरलाई सम्मान गरेको छ ।

# संखमुल क्षेत्र सरसफाई




हेटौंडा, २९ भदौ/पालुङ जेसीजको आयोजना तथा नेपाल गोजुरियो कराते दो संघको सहयोगमा थाहा नगरपालिकाको पवित्र तीर्थस्थल नारदतीर्थ संखमुल सरसफाइ गरिएको छ । पालुङ जेसीजका पदाधिकारी तथा नेपाल गोजुरियो कराते दो संघका ३० जना खेलाडीको संयुक्त पहलमा तीर्थस्थल सरसफाइ गरिएको कार्यक्रम संयोजक मानसिं दोङले जानकारी दिए । पालुङ जेसीजका पूर्वअध्यक्ष रामप्रसाद ढकालको प्रमुख आतिथ्यता तथा बर्ष २०२३ का अध्यक्ष संगम कार्कीको अध्यक्षतामा सम्पन्न सरसफाइ कार्यक्रममा कोषाध्यक्ष माधव कार्की, कानुनी सल्लाहकार निरज रायमाझी, उपाध्यक्ष अजय कार्की तथा सदस्यहरु दीपेन्द्र केसी, नारायण कार्की, बिराज थापा लगायतको उपस्थिति रहेको थियो ।


## सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।
- 'व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन'

नेपाल सरकार
विज्ञापन बोर्ड


# असोज तेस्रो हप्ताबाट नागस्वती भेट्रान्स फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ हेटौंडामा दुई लाख राशीको राष्ट्रिय भेट्रान्स कप फुटबल प्रतियोगिता हुने भएको छ । हेटौंडामा शनिबार पत्रकार सम्मेलन गर्दै आयोजक नागस्वती भेट्रान्स क्लबले आगमी असोज १६ गतेदेखि दोस्रो राष्ट्रिय रनिङ शिल्ड एट ए साइड फुटबल प्रतियोगिता आयोजना गर्ने बताएको हो ।

पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष सोमबहादुर तितुङ्ले प्रतियोगितामा देशभरका ४० वर्ष माथी उमेर समूहका खेलाडीको सहभागिता रहने बताए । प्रतियोगितामा विजेतालाई २ लाख १ हजार र उपविजेतालाई एक लाख १ हजार नगद सहित शिल्ड पुरस्कार रहेको क्लबका अध्यक्ष तितुङले बताए । उनले प्रतियोगितामा देशभरका १८–२० वटा क्लबहरुको सहभागिता रहने बताए । प्रतियोगिताको लागि खेलमा १६ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

स्वास्थ्यका लागि खेल भन्ने नाराका साथ आयोजना गर्न लागेको प्रतियोगिताले पूर्व खेलाडीहरुको मनोवल उच्च राख्न सहयोग पुग्ने उनले बताए । तीन बर्ष अघि स्थापना भएको यस क्लबले पहिलो वर्ष आयोजना गरेको प्रतियोगितामा आयोजक आफैले उपाधी हासिल गर्न सफल भएको थियो ।

# धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान गठन

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/दुर्गा प्रसाईको नेतृत्व एंव संयोजनमा गठन गरिएको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियानको मकवानपुरमा नयाँ समिति चयन गरिएको छ ।

शनिबार बसेको एक भेलाले भीमबहादुर राउतको अध्यक्षतामा ३१ सदस्यीय समिति गठन गरिएको हो । मकवानपुर जिल्ला सचिवालयमा भएको एक भेलाले राउतको नेतृत्वमा नयाँ समिति गठन भएको हो । समितिको उपाध्यक्षमा कृष्णबहादुर तामाङ, द्वितीय उपाध्यक्ष सिमानी प्रजा, सचिवमा दिलकुमार लामा चयन भएका छन् । महाअभियानका बागमती प्रदेश सदस्य एंव क्षेत्रीय ईन्चार्ज बासु कार्कीको उपस्थितीमा नयाँ समिति चयन गरिएको समितिका अध्यक्ष राउतले बताए ।

३१ ज्ना सदस्य समितिमा रहेको र सल्लाहकारमा कृष्ण जोशी, सुन्दरजंग शाही, गोपी खड्का, र ाजाराम शर्मा, रामेश्वर पौडेल, शान्ति रेग्मी रहेको अध्यक्ष राउतले बताए । यस अघि महाअभियानको मकवानपुर अध्यक्षमा तुल्सीराम राउत रहेका थिए । महाअभियानले बैंक तथा वित्तीय संस्थाहरुको ज्याजतिविरुद्ध आवाज उठाउने र चाडैं चरणबद्ध विभिन्न कार्यक्रम गर्ने तयारी रहेको महाअभियानका प्रदेशका सदस्य कार्कीले बताए ।

# लागुऔषधसहित हेटौंडाबाट ५ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागुऔषधसहित ५ जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले हेटौंडाको फरकफरक स्थानबाट लागुऔषध सहित उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले लागुऔषध खैरोहिरोइन सहित २ जनालाई पक्राउ गरेको हो । प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा उपमहानगरपालिका-१० भुटनदेवी मोडबाट एकपूरुष र एक महिलालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । पक्राउ पर्नेमा हेटौंडा-५ पिप्ले घर भई हाल हेटौंडा-११ नवलपुर बस्ने वर्ष ३१ को दीपेन्द्र सुनार र बागमती गाउँपालिका-६ बस्ने वर्ष २१ की रुपा विश्वकर्मा रहेका छन् ।

शंकाको आधारमा उनीहरुलाई खानतलासी गर्ने क्रममा कालो रुमाल भित्र लुकाई छिपाई ल्याएको अवस्थाको १२ ग्राम ७४० मिली ग्राम खैरोहेरोइन फेला परेको प्रहरीले जनाएको छ ।

त्यस्तै प्रहरीले ६ किलो गाँजा सहित ३ जना पक्राउ गरेको छ । हेटौंडा-१० बसपार्कबाट लागूऔषध गाँजासहित ३ जना पुरुषलाई पक्राउ गरिएको प्रहरीले बताएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना